सन्दीप सापकोटा

प्रकाशमान शिल्पकार (श्रेष्ठ)

श्रीकलङ्क्यनुग्रहाकाङ्क्षी त्यजेदहङ्कृतिं पुरा ।
चित्तं देव्यङ्घ्रिपद्मेऽर्प्य समभावं समाश्रयेत् ॥
बाह्यपूजां परित्यज्य मानसीं भावयेत्सदा ।
एवं कृते न सन्देहः साक्षात्कारो भवेद्ध्रुवम् ॥

जो भक्तले श्रीकलंकीको अनुग्रह खोज्छ, उसले सर्वप्रथम अहङ्कार त्यागनू, चित्तलाई देवीको पाउमा अर्पित गरेर समभावमा जानू, बर्हियागमा मन नलगाई मानसिक उपासना गर्नू । यसो गरेमा श्रीकलङ्की माईसँग साक्षात्कार हुन्छ, यसमा संशय छैन।

प्रकाशक

श्रीकलङ्की चाः पूजा गुठी

काठमाडौँ महानगरपालिका- १४

कलङ्कीस्थान

कलङ्कीदेव्याः स्तुतिरत्नमालिका

श्रीकलङ्कीमाई मन्दिरमा रहेका देवदेवीहरुको स्तोत्र

सन्दीप सापकोटा

प्रकाशमान शिल्पकार (श्रेष्ठ)



श्री कलंकी माई

॥ श्रीशक्तिंवन्दे जगद्गुरुम् ॥
॥ श्रीकलङ्क्यै नमः ॥

कलङ्कीदेव्याः स्तुतिरत्नमालिका

(श्रीकलङ्कीमाई मन्दिरमा रहेका देवदेवीहरूको स्तोत्र)

लेखक
सन्दीप सापकोटा
प्रकाशमान शिल्पकार श्रेष्ठ
काठमाडौँ महानगरपालिका-१४
कलङ्कीस्थान

प्रकाशक
श्रीकलङ्की चाः पूजा गुठी
कलङ्की
वि.सं. २०८२

नागैश्छत्रितमूर्धजा चतुरभिः खड्गं कपालं तथा
विन्दुं चाभयमुद्रिकां च दधती हस्तैः सदा शोभना ।
बालाकारधरा विचित्रगणयुक्ता सौन्दर्यसम्पूरिता
कलङ्की भगवत्यजस्रमखिलं नः पातु कल्याणदा ॥

नागहरूले छत्र ओडाइएकी, चार हातमा खड्ग, कपाल, विन्दु मुद्रा र अभय मुद्रा धारण गरेकी, सौन्दर्यले भरिपूर्ण भएकी, बालकुमारीको स्वरूप धारण गरेकी, विभिन्न गणहरू समेत भएकी श्रीकलङ्की भगवतीले सदैव रक्षा गरून् ।

कलङ्कीदेव्याः स्तुतिरत्नमालिका

लेखक : सन्दीप सापकोटा/प्रकाशमान शिल्पकार श्रेष्ठ
प्रकाशक : श्रीकलङ्की चाः पूजा गुठी
सर्वाधिकार : लेखकमा निहित
संस्करण : प्रथम (२०८२)
मुद्रण : ग्लोबल प्रिन्ट कनेक्सन
कालिकास्थान, काठमाडौँ
फोन : ०१-५३२७२५१

सादर चरण वन्दना !

या मूले मनसो निरूढविभवा या ब्रह्मविद्यानघा
या शक्तिः स्फुटवृत्तिसंहतिरसा युक्ता च देवान्तरा ।
या सङ्कल्पविलासिनी जगदया या कर्मसन्धायिनी
सा कलङ्कीजगद्धिता त्रिवपुषी शक्तित्रये पातु माम् ॥

जो मनमा मूलशक्तिको रूपमा अवस्थित छिन्, जो निष्कलङ्क ब्रह्मविद्यास्वरूपिणी हुन्, जो स्पष्ट क्रियाशील वृत्तिहरूको रसले संयुक्त र देवगणभन्दा माथिकी शक्ति हुन्,जो सङ्कल्पको विलासद्वारा सम्पूर्ण सृष्टि प्रकट गराउँछिन्, जो समस्त कर्महरूलाई जोडी राख्ने, परिणामदायिनी शक्ति हुन्, त्यही त्रिगुणात्मिका मूर्तिमयी समस्त संसारको हित गर्ने कलङ्की शक्तिश्वरीले मलाई सदा रक्षा गरून् ।

श्रीकलङ्की मातुः चरणकमलेभ्यः सभक्तिं समर्पयामि ।
(श्रीकलङ्की माईका चरणकमलमा सभक्ति समर्पण)

मानकुमारी शिल्पकार श्रेष्ठ

सानु सापकोटा

श्रीकलङ्कीमाई (कल्खु अजिमा)

पुरोवाक्

सनातन दर्शनको आर्षसूत्र वाङ्मयको अनुशीलनले तीन प्रखर जिज्ञासामा दृष्टिगोचर हुन्छ।

१. वेदान्तसूत्रसँग सम्बन्धित - अथातो ब्रह्मजिज्ञासा
२. मीमांसासूत्रसँग सम्बन्धित - अथातो धर्मजिज्ञासा
३. शक्तिसूत्रसँग सम्बन्धित - अथातो शक्तिजिज्ञासा

उपर्युक्त तीन सूत्रहरूमध्ये पहिले अगिल्ला दुई सूत्रहरूलाई अनुशीलन गर्दा ब्रह्म र धर्ममा विषय केन्द्रित भएको देखिन्छ। वेदान्त दर्शन निर्गुण, निराकार, निरञ्जन, परात्पर सत्तामाथिको स्वरूप मीमांसाको विवेचनामा केन्द्रीत छ भने त्यसको ठीक विपरीत मीमांसादर्शनले निराकार परमात्माको सत्तालाई अस्वीकार गर्दै स्वर्गको साधनभूत वेद, धर्म, यज्ञयागादि यजन कर्मको मीमांसा गर्दछ।

यहाँनेर एकातर्फ विश्वको सृष्टि, स्थिति र संहारक्रमको लागि परात्पर परमसत्तालाई विश्वास गर्नु अत्यन्त जरुरी थियो, अर्कोतर्फ सृष्ट्यादिक कर्म निष्पादनको लागि कुनैपनि निराकार सत्ताको आवश्यक नै थिएन। यही दुई दर्शनको जिज्ञासामा व्याप्त रहेको परात्पर, निरपेक्ष, सार्वभौम, नित्य एवं निराकारको चिन्तनले कथमपि सबैको आवश्यकता पूरा गर्न सकेन। यसै सिलसिलामा ब्रह्मजिज्ञासु र धर्मजिज्ञासुहरूको विरोधाभासको फलस्वरूप शाक्तजिज्ञासुहरूको सार्वभौम उदय भयो। शाक्तहरूको जिज्ञासाको विषय परात्पर स्वातन्त्र्य शक्ति समन्विता, अद्वितीया, सर्वादिकारणभूता, अजा,

एका, ब्रह्मस्वरूपा एवं अवाङ्मनसगोचरा, अद्वैत महाशक्तिमा केन्द्रित रह्यो ।

ऋग्वेदको प्रथम ऋचा अग्निमीडे पुरोहितम्बाट अथर्ववेदसम्म, संहितादेखि लिएर उपनिषद्सम्म, स्मृतिदेखि पुराण, उपपुराण, औपपुराणसम्म, सांख्यदर्शनदेखि न्यायवैशेषिकसम्म सम्पूर्ण दार्शनिक चिन्तन परम्परामा आधारभूत परासत्ताको विमर्शन पुरुषाकाररूपमा नै भएको छ । सर्वानुस्यूत, सर्वाधार, सर्वव्याप्त, सर्वस्वरूप, सर्वाकार, सर्वात्मक, सर्वातीत परासत्तालाई ब्रह्म, परमेश्वर, परमात्मा, भगवान्, परमशिव, महाविष्णु आदि रूपमा वर्णित छ । प्रत्येक पुरुषाकार परा सत्ताको साथमा उसको शक्तिको पनि परिकल्पना गरिएको छ र कल्पित शक्तिलाई समवायिनी, मायाशक्ति आदि रूपमा वर्णन गरिएको छ । तर शक्तिको सर्वोच्चतालाई निरपेक्ष परात्पररूपमा प्रकटित गरिएको पाइँदैन । वेदान्तसूत्रका व्याख्या शक्तिवादको मूल सिद्धान्त आधारित भएर गरिएको होइन ।

यद्यपि वेदमा सरस्वती, ऊषा, अदिति, वाणी, रात्रि, सावित्री, राका, सिनिवाली, दुर्गा, त्रिपुरा, वागाम्भृणी, सुभगा, सुन्दरी, अम्बिका, चिति, श्रीविद्या, ललिता, श्री आदि देवीहरूको पराशक्तिको रूपमा कल्पना दृष्टिगोचर हुन्छ र दार्शनिक प्रस्थानमा अथातो ब्रह्मजिज्ञासाको सरह नै अथातो शक्तिजिज्ञासाको रूपमा पृथक् दार्शनिक चिन्तनमा शाक्तमतको केही स्थान नै छैन । यसर्थ नै सनातन आगमशास्त्रको अभ्युदय भयो । आगमशास्त्र अर्थात् तन्त्रमा कुनै पनि भेद छैन । न त जातिमा भेद छ, न त लिङ्गमा भेद छ, न त वर्णमा भेद छ, न खानपानमा भेद छ, न त कालमा भेद छ ।

सबै शक्तीश्वरीको रचना हो, उहाँको लीलामा नै सबै अडेको छ। हामीले म पनि केही हुँ भनेर अहङ्कार गर्नु व्यर्थ हो। यसमा नै आगमको मूल गाम्भीर्य अडेको छ।

शाक्तमतको सुदृढ स्थापना तन्त्रागमका ग्रन्थहरू त्रिपुरोपनिषद्, त्रिपुरातापिन्युपनिषद्, देव्युपनिषद्, भावनोपनिषद्, सरस्वतीरहस्योपनिषद्, सीतोपनिषद्, सौभाग्यलक्ष्म्युपनिषद्, आदि, अगस्त्यमुनिको शक्तिसूत्र, हयग्रीवको शाक्तदर्शनम्, परशुरामको परशुरामकल्पसूत्र, त्रिपुरारहस्य, दुर्वासाको ललितास्तवरत्न, पराशम्भुस्तोत्र, त्रिपुरामहिम्नस्तोत्र, सौभाग्यभाष्कर, कालिकापुराण, श्रीमद्देवीभागवत् महापुराण, ललितासहस्रनाम आदिबाट भयो।

नेपाली जनजीवन केवल वैदिक मार्गबाट मात्र नभई तन्त्रशास्त्रको अगाध गाम्भीर्यबाट पनि अभिसिञ्चित छ। संस्कृत वाङ्मयमा वेदलाई निगम र तन्त्रलाई आगमको रूपमा परिभाषित गरिएको पाइन्छ र दुवैलाई जोडेर 'निगमागम' भन्ने गरिएको पाइन्छ। नेपाली समाजमा निगममार्ग भन्दा बढ्ता प्रभाव आगमको रहेको पाइन्छ। हाम्रो हरेक दृष्टादृष्ट संस्कृति, विधिपद्धति र संस्कारजन्य कार्यकलापमा यसको प्रत्यक्ष वा परोक्ष प्रतिबिम्बन रहेको छ। उदाहरणार्थ : निगम गायत्री अर्थात् वैदिक ब्रह्म गायत्री प्राप्त गरेको ब्राह्मणले हरेक दिन सन्ध्योपासना गर्नुपर्दछ। सन्ध्या नगर्ने ब्राह्मण श्राद्ध र मंगलकर्ममा निषिद्ध मानिन्छ। यसरी गरिने सन्ध्यामा निर्दिष्ट विधिविधानका साथै गायत्री मन्त्रलाई मुखले व्यक्त नगरिकन मनमनै मानस वा फुस्फुसाएर उपांशु जप गर्नुपर्दछ। यसरी कसैलाई नसुनाई गोप्य गरेर, मालालाई लुकाएर जप्नु वेदमा तन्त्रको प्रभाव हो।

वैदिककृष्णयर्जुर्वेदीय तैत्तिरीय शाखाका अतिविशिष्टतम् उपासना पद्धति र वैदिक ऋचाहरूका साथै आगमशास्त्रका अत्यन्त रहस्यमय एवं गुह्यतम मन्त्र, यन्त्र र पूजा विधानद्वारा उपास्य रहने भगवान् श्रीपशुपतिनाथको पूजा पद्धतिमा समेत निगमागमको मिश्रमार्गको प्रयोग हुने गरेको छ। यसप्रकार तन्त्रमिश्रित पूजाविधानमा अत्यन्त गूढ शास्त्रीय दर्शन, जटिलतम साधनापक्ष र वैज्ञानिक वैशिष्ट्य अन्तर्निहित रहेको छ। यसरी सम्पादन गरिने पूजाको वैशिष्ट्य र गाम्भीर्यले नै राष्ट्रदेवको शास्त्रीय र लौकिक महत्त्वका बारेमा थप विषयबोध गराउँदछ। केवल राष्ट्रदेव भगवान् श्रीपशुपतिनाथको पूजामा मात्र नभई श्रीगुह्येश्वरी, श्रीदक्षिणकाली, श्रीशोभाभगवती, श्रीनक्सालभगवती, श्रीभद्रकाली, श्रीमैतीदेवी, श्रीबगलामुखी लगायतका शक्तिपीठहरूमा र श्रीकुम्भेश्वर, श्रीचाँगुनारायण लगायतका शैव र वैष्णव मन्दिरहरूमा समेत गोप्य तन्त्रमार्गका रहस्यतम् विधिविधानले पूजा आराधना हुने गरेको पाइन्छ। दीक्षाधिकार नभएकाले तन्त्रपूजाको सुइँकोसम्म पाउन सक्दैनन्, बुझ्ने चेष्टासम्म पनि राख्न सक्दैनन्। तन्त्र भनेको केवल मारण, मोहन, उच्चाटन, विद्वेषण, स्तम्भन, उत्कीलन लगायत षट्कर्मजन्य अविद्या र धामीझाँक्री, मष्टो आराधना लगायतका लौकिक क्रियाहरूलाई मात्र हो भन्ने आमजनमानसको बुझाइ रहेको छ। यस लेखमा तन्त्र आराधनाकी अधिष्ठात्री श्रीकलङ्कीकी माईको बारेमा तन्त्रका विविध पक्षहरूसँग तादात्म्य स्थापित गरि चर्चा गर्ने प्रयत्न गरिएको छ।

काठमाडौँ उपत्यकाका श्रद्धालुहरूले मानिआएको श्रीकलङ्की माईको शास्त्रीय स्वरूपको बारेमा ठ्याक्कै किटानीका साथ व्यक्त गर्न सक्ने कुनै दसी उपलब्ध रहेको छैन। यद्यपि शास्त्रीय निक्यौंल नरहेता पनि श्रद्धालुहरूले श्रद्धा, भक्ति र विश्वासले आराधना गर्दै आएको पाइन्छ। सबैले आ-आफ्नो श्रद्धाभक्तिले मानिआएकी श्रीकलङ्कीलाई यहाँनेर तन्त्रशास्त्रले छोएको कुनाको बारेमा चर्चा गरि देवीको स्वरूपलाई आलोकित गर्ने प्रयत्न गरिँदैछ।

१. पञ्चप्रेतासनमा बसेकी श्रीकलङ्की महादेवी

श्रीकलङ्की माईको पृष्ठभागमा पाँचवटा शीलास्वरूप भैरवहरू रहेको मान्यता छ। ती भैरवहरूको नामको बारेमा स्थानीयहरूलाई जानकारी छैन, केवल भैरवको रूपमा मात्र पूज्ने गरेको पाइन्छ। यहाँनेर तन्त्रशास्त्रलाई आधार मानेर हेर्दा कलङ्कीलाई नरदेवी, त्रिपुरसुन्दरी लगायतका देवीहरूको निकटमा राखेर हेर्नुपर्दछ। तन्त्रशास्त्रका गोपनीय मर्यादाहरूलाई अमुकै राखेर यहाँनेर आममानिसले पनि देखेभोगेका विषयको उदाहरण दिँदै प्रष्ट्याउने चेष्टा गर्छु। तन्त्रमर्यादामा बसी सबै कुराहरू खुलेआम व्यक्त गर्न नसकेकाले पाठकहरू समक्ष क्षमायाचना गर्दछु।

नरदेवी (श्वेतकाली) को आसनमा पाँचवटा नरमुण्डहरू रहेका छन्। ती नरमुण्डहरूलाई तन्त्रशास्त्रले क्रमशः १. ब्रह्मा २. विष्णु ३. रुद्र ४. ईश्वर र ५. सदाशिव नाम गरेका पाँच महाभैरवहरूको रूपमा प्रस्तुत गरेको छ। यी महाभैरवहरू भनेका क्रमशः सृष्टि, स्थिति, प्रलय, अनुग्रह र निग्रह शक्तिसम्पादन गर्ने देवताहरू हुन्। तन्त्रमा

प्रकारान्तर रूपमा यी शक्तिहरूलाई सृष्टि, स्थिति, संहार, भासा र अनाख्या भनी सम्बोधन समेत गर्ने गरिएको पाइन्छ। शक्तिबिना शिवको अस्तित्त्व नरहेको तथ्यलाई लक्षित गर्दै यी देवताहरूलाई तन्त्रशास्त्रमा पञ्चमहाप्रेत भनि सम्बोधन गरिएको पाइन्छ। यहाँ प्रेतको अर्थ भूतप्रेत नभई शक्तिरहितता हो।

नरदेवीको जस्तै त्रिपुरसुन्दरीको आसनमा पनि पाँचवटा महाभैरवहरू रहेका छन्। यी महाभैरवहरूको नाम माथि उल्लेख गरिएकै हो। सृष्टिका प्रतीक ब्रह्मा, स्थितिका प्रतीक विष्णु, संहारका प्रतीक रुद्र, अनुग्रह (दया)का प्रतीक ईश्वर र निग्रह (मोक्ष वा मुक्ति)का प्रतीक सदाशिवहरू शक्तिकै अर्थात् देवीको अधीनमा रहन्छन् भन्ने अर्थमा यसको भाव झल्किन्छ। शिवको 'इ'कार अर्थात् शक्ति झिक्ने बित्तिकै 'शिव' 'शव' बन्दछ। शक्तिको सर्वोच्चतालाई शास्त्रमा यसरी दर्शाइएको पाइन्छ। त्रिपुरसुन्दरी वा नरदेवी वेदोक्त मार्गबाट उपास्य नभई तन्त्रको विशिष्ट मार्गबाट पूजिने देवीहरू हुन्।

यसै उदाहरणसँग श्रीकलङ्की माईको सम्बन्ध स्थापित गर्दा श्रीमाईको पछाडी रहेका ५ वटा शिलास्वरूप भैरवहरूले उहाँको तान्त्रिकस्वरूपको झझल्को दिन्छ। यी पछाडि रहेका पाँच शिलाका अमूर्त मूर्तिहरूले सृष्टिका प्रतीक ब्रह्मा, स्थितिका प्रतीक विष्णु, संहारका प्रतीक रुद्र, अनुग्रह (दया)का प्रतीक ईश्वर र निग्रह (मोक्ष वा मुक्ति)का प्रतीक सदाशिवको प्रतिबिम्बन गर्दछन्। तर यसबाट देवीको ठ्याक्कै कुन रूप हो भनेर किटानी गर्न सकिँदैन। किटानी के गर्न सकिन्छ भने भगवती श्रीकलङ्की माई तन्त्रोक्त देवी हुन्।

नरदेवी (श्वेतकाली)/इन्टरनेट



त्रिपुरासुन्दरी/इन्टरनेट

२. कमल भैरवस्वरूप बेतालमा आरूढ कमलात्मिकास्वरुपिणी श्रीकलङ्की

नेपालमण्डलका कतिपय देवदेवीका मन्दिरहरूमा बेतालमा आरुढ भएका देवदेवीहरूको पूजा उपासना हुने गरेको पाइन्छ। उदाहरणको लागि सहिदगेटको श्रीभद्रकाली, टेकुको श्रीपचली भैरवनाथ, भक्तपुर टौमढी टोलको श्रीकाशीविश्वनाथ भैरव आदि। यी देवदेवीहरूको आसन बेताल भैरव हो। यी देवदेवीहरूको आसन मानिएको बेताल भैरव कतै

श्रीसिद्धिलक्ष्मी/भुषण शर्मा

मन्दिरको मूलद्वारको सामुन्ने अवस्थित छन् भने कतै मन्दिरको एकतल्लामाथि पनि रहेका छन्, धेरै जसो देवदेवीको अग्रभागमा वा पृष्ठभागमा पनि रहेका छन्। भद्रकाली, पचली भैरवको बेताल आसन मन्दिरको अगाडी रहेको छ भने काशीविश्वनाथ भैरवको आसन एकतल्ला माथि रहेको छ।

श्रीकलङ्की माईको मन्दिरको पृष्ठभागमा श्रीकमल भैरवको शिला मूर्ति रहेको छ। त्यस शिला मूर्ति उत्तराभिमुख गरि राखिएको छ। प्रायश देवीको मूर्ति उत्तरबाट दक्षिणाभिमुख गरिराखिएको पाइन्छ तर श्रीमाईलाई पूर्वाभिमुख गरि स्थापित गरिराखेको पाइन्छ। यसर्थ उहाँको आसन उत्तराभिमुख हुनु स्वभाविक भयो। आसनका आधारमा श्रीकलङ्की माईलाई बेताल भैरवमा आरूढ भएकी वा उहाँको आसन बेताल हो भन्ने ठाउँ रहन्छ।

३. श्रीकलङ्की माई : दशमहाविद्याको कमलास्वरूपिणी

शिव महापुराणअनुसार भगवान् शिवका पनि दशावतार मानिएका छन्। यी प्रत्येक अवतारमा अलगअलग रूपमा शक्तिहरूले सहयोग पुऱ्याएका छन्। शिवपुराण शतरुद्रसंहिताअनुसार पहिलो अवतार महाकालको नामले परिचित छ। यस अवतारमा शक्तिको रूपमा महाकालीको प्राकट्य भयो। दोस्रो अवतार तार अवतार भयो। त्यसमा भगवती ताराले शक्तिका रूपमा साथ दिइन्। तेस्रो अवतार भुवनेश कालरूपमा भयो र त्यस अवतारमा माता भुवनेशीले शक्ति बनेर साथ दिइन्। चौथो अवतार षोडश नामले परिचित छ। त्यस अवतारमा भगवती षोडशीले शक्तिको रूप लिइन्। पाचौँ अवतार

भैरवको रूपमा भयो र त्यस अवतारमा भैरवी शक्ति बनिन्। छैठौँ अवतार छिन्नमस्तक रूपमा भयो र छिन्नमस्ता भगवती त्यसमा शक्ति बनिन्। सातौँ धूमवान् अवतार भयो र भगवती धूमावती त्यसमा शक्ति बनिन्। आठौँ अवतार बगलामुखका रूपमा भयो र भगवती बगलामुखी शक्ति बनिन्। नवौँ अवतारमा भगवान् शिव मातङ्ग बन्नुभयो। भगवती मातङ्गी शक्ति बनिन्। दशौँ अवतार कमल कहलायो, भगवती कमला त्यसमा शक्ति बनिन्। यसरी शक्ति सहितका दश अवतार भगवान् शिवका अवतार भए। यथा -



कमलात्मिका/इन्टरनेट

तत्राद्यो हि महाकाली भुक्तिमुक्तिप्रदस्सताम् ।
शक्तिस्तत्र महाकाली भक्तेहितफलप्रदा ॥
तारनामा द्वितीयश्च तारा शक्तिस्तथैव सा ।
भुक्तिमुक्तिप्रदौ चोभौ स्वसेवकसुखप्रदौ ॥
भुवनेशो हि बालाह्वस्तृतीयः परिकीर्तितः ।
भुवनेशी शिवा तत्र बालाह्वा सुखदा सताम् ॥
श्रीविद्येशः षोडशाहः श्रीविद्या षोडशी शिवा ।
चतुर्थो भक्तसुखदो मुक्तिमुक्तिफलप्रदः ॥
पञ्चमो भैरवः ख्यातः सर्वदा भक्तकामदः ।
भैरवी गिरिजा तत्र सदुपासककामदा ॥
छिन्नमस्तकनामासौ शिवः षष्ठः प्रकीर्तितः ।
भक्तकामप्रदा चैव गिरिजा छिन्नमस्तका ॥
धूमवान् सप्तमः शम्भुर्भुक्तिमुक्तिफलप्रदः ।
धूमावती शिवा तत्र सदुपासककामदा ॥
शिवावतारः सुखदो अष्टमो बगलामुखः ।
शक्तिस्तत्र महानन्दा विख्याता बगलामुखी ॥
शिवावतारो मातङ्गो नवमः परिकीर्तितत्ः ।
मातङ्गी तत्र शर्वाणी सर्वकामफलप्रदा ॥
दशमः कमलः शम्भु भुक्तिमुक्तिफलप्रदः ।
कमला गिरिजा तत्र स्वभक्तपरिपालिनी ॥

– शिवमहापुराण शतरुद्रीय संहिता १७ । २-११

कमल नाम गरेका शिव (भैरवनाथ) को शक्तिको रूपमा आफ्नो भक्तको परिपालन गर्नुहुने गिरिजा कमलात्मिका (कमला) हुनुहुन्छ। कमलात्मिकाको प्रतीमा लक्षण र धन ऐश्वर्य प्रदायिनी लक्ष्मीको प्रतीमा विधान धेरै मात्रामा मिल्दो जुल्दो हुन्छ। कमलात्मिकाको स्वरूपलाई थप प्रष्ट्याउन तलको दशमहाविद्याको तालिका प्रस्तुत गरिएको छ।

क्र.सं.	शिव	दशमहाविद्या	दशावतार	अन्य नाम	विद्या	विशेषता
१.	महाकाल	काली	कृष्ण	आद्या, मूल प्रकृति, प्रथमा, मुण्डमालिनी	महाविद्या	सिद्धिदात्री
२.	अक्षोभ्य	तारा	मत्स्य	कङ्काल, मालिनी		सिद्धविद्या
३.	कामेश्वर	षोडशी	परशुराम	श्रीविद्या, त्रिपुरा, ललिता, त्रिपुरसुन्दरी		सिद्धविद्या, मोक्षदात्री
४.	त्र्यम्बक	भुवनेश्वरी	वामन	राजराजेश्वरी		सिद्धविद्या, भोगदात्री
५.	क्रोधभैरव	छिन्नमस्ता	नृसिंह	छिन्ना, छिन्नमस्तिका	विद्या	मोक्षविद्या
६.	दक्षिणामूर्ति	भैरवी	बलराम	त्रिपुरभैरवी, सिद्धिभैरवी		सिद्धविद्या, मङ्गलदात्री
७.	–	धूमावती	वराह	अलक्ष्मी		स्तम्भनविद्या, विधवारूपिणी

क्र.सं.	शिव	दशमहाविद्या	दशावतार	अन्य नाम	विद्या	विशेषता
८.	मृत्युञ्जय	बगला	कूर्म	वल्गामुखी, पीताम्बरा	सिद्धविद्या	ब्रह्मास्त्र एवम् त्रैलोक्य-स्तम्भनीविद्या
९.	मतङ्ग (सदाशिव)	मातङ्गी	राम	सुमुखी, उच्छिष्ट-चाण्डालिनी		मोहनीविद्या
१०.	विष्णुरूप (नारायण)	कमलात्मिका	बुद्ध	लक्ष्मी, नारायणी		मोहविद्या, मोक्षविद्या

दशमहाविद्याका शिव र सम्बन्धित भगवान् विष्णुको दशावतार

क्र. सं.	शिव	दशमहाविद्या	जयन्ती	दशावतार	जयन्ती/ जन्मपर्व
१.	महाकाल	काली	भाद्रकृष्णाष्टमी	कृष्ण	भाद्रकृष्णाष्टमी
२.	अक्षोभ्य	तारा	चैत्रशुक्लनवमी	राम	चैत्रशुक्लनवमी
३.	शिव, ललितेश्वर	षोडशी	माघशुक्लपूर्णिमा	कल्की	श्रावणशुक्लषष्ठी
४.	त्र्यम्बक	भुवनेश्वरी	भाद्रकृष्णद्वादशी	वराह	श्रावणशुक्लतृतीया
५.	कबन्ध	छिन्नमस्ता	वैशाखशुक्लचतुर्दशी	परशुराम	वैशाखशुक्लतृतीया
६.	दक्षिणामूर्ति	भैरवी	मार्गशुक्लपूर्णिमा	नृसिंह	वैशाखशुक्लत्रयोदशी
७.	–	धूमावती	ज्येष्ठशुक्लाष्टमी	वामन	भाद्रशुक्लद्वादशी
८.	महारुद्र	बगला	वैशाखकृष्णतृतीया	कूर्म	वैशाखशुक्लचतुर्दशी
९.	मातङ्ग	मातङ्गी	वैशाखशुक्लचतुर्थी	बुद्ध	वैशाखशुक्लपूर्णिमा
१०.	विष्णुरूप सदाशिव भैरव	कमला	कात्तिककृष्णतृतीया	मत्स्य	चैत्रशुक्लद्वितीया

३. श्रीकुमारीस्वरुपिणी श्रीकलङ्कीमाई

नेपालमण्डलको तन्त्र परम्पराको प्रमुख वैशिष्ट्यका रूपमा कुमारीपूजाको प्रचलन प्रखर रूपमा देखापर्दछ। हरेक टोल टोलमा गणेश, क्षेत्रपाल, कुमार र अष्टमातृका गणसहित कुमारीको आराधना गर्ने दस्तुर काठमाडौँ उपत्यकाको मौलिक परम्परा हो। तन्त्र पूजामा कुमारीको साधना नभई पूर्ण हुँदैन र पुरुषार्थ चतुष्टय अर्थात् धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका लागि पनि कुमारीको आराधना गर्ने चलन काठमाडौँमा प्रखररूपमा चलेर आएको पाइन्छ।

श्रीकलङ्कीमाईलाई पनि स्थानीयहरूले कुमारीको रूपमा, विशेष गरेर बालकुमारी पूजा गर्दै आएका छन्। स्थानीय नेवार समुदायले श्रीमाईलाई कलषुं अजिमा, कल्खु अजिमा, बज्यै देवताको रूपमा आराधना गर्ने गरेको पाइन्छ।

अष्टमातृकामा ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डा र महालक्ष्मी पर्दछन्। ती देवीहरूको भैरव पनि आठकै संख्यामा रहेका हुन्छन्।

क्र.सं.	अष्टमातृकाको नाम	अष्टभैरवको नाम
१.	ब्रह्माणी	असिताङ्ग
२.	माहेश्वरी	रुरु
३.	कौमारी	चण्ड
४.	वैष्णवी	क्रोध

५.	वाराही	उन्मत्त
६.	इन्द्राणी	कपाली
७.	चामुण्डा	भीषण
८.	महालक्ष्मी	संहार

यी अष्टमातृका र अष्टभैरवमा गणेश, कुमार, सिंहिनी, व्याघ्रिनी र अरू गणहरूपनि जोडिएपछि पीठको निर्माण हुन्छ। श्रीकलङ्की माईको मन्दिरमा यी सबै देवीदेवताहरूको उपस्थिति रहेको छ। अष्टमातृकामा कौमारीको ध्यान यसप्रकार रहेको छ।

शक्त्यक्षस्रग्वराभीतिकरां बन्धूकसन्निभाम्।
मयूरध्वजिनीं रक्तवस्त्रामौदुम्बरस्थिताम्।
हरित्कञ्चुकिकां रम्यां नानालङ्गारभूषिताम्॥

यस ध्यानबाट वन्धूकपुष्प जस्तो लाल वर्ण भएकी, शक्ति, अक्षमाला, वर र अभय चार हातमा धारण गरेकी, मयूरमाथि चढेकी, रातो वस्त्र पहिरेकी, उदुम्बरमाथि बसेकी, हरियो अलख भएकी, अनेक गहना-गुरिया पहिरेकी, राम्रो अनुहार भएकी, कौमारीको मूर्ति झल्कन्छ। यसको सांकेतिकार्थ यस प्रकार छ - वन्धूकपुष्पझैं लाल वर्ण भन्नाले त्रिगुणातीता शक्ति भन्ने बुझियो। चार हात भएबाट चार आत्मा, शक्तिबाट बल, अक्षमालाबाट प्राण, वरबाट अभीष्टसिद्धि, अभयबाट निडर भन्ने बुझियो। मयूरमाथि चढेकी भन्नाले चैतन्यरूपिणी, रातो वस्त्र पहिरेकीबाट सौभाग्यदायिनी,

हरियो अलख भएकीबाट निरूपद्रवता स्वरूपिणी र अनेक गहना-गुरिया पहिरेकीबाट विश्वराज्ञी अर्थात् जगत्को मालिक्नी प्रकृतिरूपिणी भन्ने बुझिन्छ। उदुम्बरमाथि बसेकी भन्नाले उदुम्बर गर्भसन्धानकारक हुनाले सोही रूपिणी भन्ने बुझियो।

कलङ्कीगणेशाष्टकम्

श्रीकलङ्कीसमीपे यो वसन् भक्ताभयप्रदः ।
विघ्नेशो विघ्ननाशाय भक्तानां जीवनं परम् ॥१॥

भालचन्द्रधरो दिव्यो गजवक्त्रः कृपानिधिः ।
सर्वसिद्धिप्रदः साक्षात् कलङ्क्याः प्रियपुत्रकः ॥२॥

शक्त्यङ्कुशधरः पुण्यः वरदः सुरपूजितः ।
मूषकाधिरूढचन्द्रश्चिन्त्यते भक्तवत्सलः ॥३॥

लम्बोदरः सदा शान्तः पिङ्गलाक्षः प्रतापनः।
कपालधारको देवः कलङ्कीहृदयान्तरः॥ ४॥

वेदवेदाङ्गविज्ञश्च मन्त्रतत्त्वविदां वरः ।
योगिनां ध्यानगम्यश्च भक्तानां फलदायकः ॥५॥

सिन्दूरशोभिताङ्गश्च नानारत्नविभूषितः ।
त्रिनेत्रधारको देवो लोकत्रयविनायकः ॥६॥

भुक्तिमुक्तिप्रदो देवः कलङ्कीसाधकप्रियः ।
योगिनां तत्त्वबोधाय स्फुरद्गर्भः सदा प्रभुः ॥७॥

एवं यः पठते नित्यं स्तवं विघ्नविनाशनम् ।
कलङ्कीसहितं देवं सदा तं रक्षतु प्रभुः॥ ८॥

भावार्थ :

श्रीकलङ्की देवीको नजिक बस्ने र भक्तहरूलाई अभय दिनुहुने भगवान् गणेश विघ्नहरूको नाश गर्न आउनुहुन्छ, जसले भक्तहरूको जीवनको सार पूरा गर्नुहुन्छ ॥१॥ उहाँको निधारमा चन्द्रमाको शोभा छ, दिव्यस्वरूप भएका, हात्तीमुखयुक्त गणेश करुणाका सागर हुनुहुन्छ, जसले सम्पूर्ण सिद्धिहरू प्रदान गर्नुहुन्छ र श्रीकलङ्की देवीका प्रिय पुत्र हुनुहुन्छ ॥२॥ शक्ति र अंकुश धारण गर्नुभएका, वर दिनुहुने, देवताहरूले पूजा गर्ने, मूषक वाहनमा सवार भगवान् गणेश सदा भक्तप्रेमी हुनुहुन्छ ॥३॥ लामो पेट भएका, सधैँ शान्त, सुनौला आँखा भएका, कपाल धारण गर्नुहुने यी देवता श्रीकलङ्की देवीको हृदयमा निवास गर्नुहुन्छ ॥४॥ वेद र वेदाङ्गका जान्ने, मन्त्रविद्यामा निपुण, योगीहरूले ध्यान गरिने, भक्तहरूलाई फल दिनुहुने भगवान् हुनुहुन्छ ॥५॥ सिन्दूरले रङ्गिएको शरीर, बहुमूल्य रत्नहरूले सजिएको, त्रिनेत्रयुक्त र तीनै लोकका विनायकरूप गणेश पूजनीय हुनुहुन्छ॥६॥ भुक्ति (सांसारिक सफलता) र मुक्ति (मोक्ष) प्रदान गर्ने, कलङ्की देवीका साधकहरूलाई प्रिय, योगीहरूलाई तत्त्वबोध गराउने, सधैँ गर्भस्थ तेजयुक्त प्रभु हुनुहुन्छ ॥७॥ जो व्यक्ति यो स्तोत्र नित्य पढ्छ, यो विघ्ननाशक पढ्नेलाई स्तुति श्रीकलङ्की देवीसहित रहेका गणेशले सदा रक्षा गरून् ॥८॥

कमलभैरवाष्टकम्

श्रीकलङ्की महामायारक्षकं भैरवं परम् ।
खड्गखट्वाङ्गकपालत्रिशूलमुद्गरान् करैः ॥
चक्रं नागाङ्कुपाशं च धनुषं बाणमुज्ज्वलम् ।
घण्टामुद्रागदायुक्तं कमलं भैरवं भजे ॥१॥

रक्तचन्दनलेपाङ्गं भस्मलिप्तवपुः प्रभुम् ।
जटामुकुटमालिनं ज्वालामालाविभूषितम् ॥
सिंहासनस्थितं देवं कृपायुक्तं दयानिधिम् ।
भैरवं कलङ्क्याज्ञापालितं भक्तवत्सलम् ॥२॥

कपालमालिनं वीरं रक्तनेत्रं भयङ्करम् ।
भूतप्रेतपिशाचाद्यैः सेवितं च महेश्वरम् ॥
योगिनां ध्यानगम्यं च सत्त्वरूपं सनातनम् ।
कलङ्कीसेवकं नित्यं भैरवं प्रणमाम्यहम् ॥३॥

वज्राङ्कुशधरं शूरं कालाग्निसदृशप्रभम् ।
शूलिनीं दक्षिणे पाणौ वहन्तं कालशासनम् ॥
नृत्यप्रियं महादेवं गानवाद्यं सुरार्चितम् ।
प्रसन्नवदनं देवं भैरवं भावयाम्यहम् ॥४॥

मुण्डमालाधरं देवं दिगम्बरं दयानिधिम् ।
शृङ्गाटकं च भेरीं च घोषयन्तं भयप्रदम् ॥

त्रिकालज्ञं महातेजः रहस्यज्ञानदायकम् ।
कलङ्कीमायया युक्तं भैरवं सततं भजे ॥५॥

कपालकुण्डलीदिव्यं रक्तवर्णं महाबलम् ।
त्रिनेत्रधरमादित्यं विश्वरूपं दिगम्बरम् ॥
शिवावतारसञ्ज्ञं तत्त्वरूपं तपस्विनम् ।
सर्वरोगहरं देवं भैरवं स्मरतां गतिः ॥६॥

कालमृत्युभयं हन्त्रीं शक्तिसद्भैः समन्वितम् ।
कलङ्कीऽऽज्ञया युक्तं सेवकं तेजसां निधिम् ॥
तत्त्वज्ञानप्रदं शान्तं निर्भयं योगिनां गुरुम् ।
संसारदुःखनाशाय चिन्तये भैरवं मुदा ॥७॥

यो भजेत् प्रातरेवेदं कमलाख्यं भयङ्करम् ।
कलङ्कीसेवकं देवं सिद्धिदं भक्तवत्सलम् ॥
सर्वविघ्नहरं नित्यं ददाति मोक्षमुत्तमम् ।
भैरवाष्टकमेतत् तु पठेत् भक्त्याऽन्वहं नरः ॥८॥

म श्रीकलङ्की महामायाको रक्षक परमभैरवको वन्दना गर्दछु, जसका हातहरूमा खड्ग, खट्वाङ्ग, कपाल, त्रिशूल र मुद्गर छन्, चक्र, नाग, अंकुश, पाश, धनुष र बाण पनि छन्, घण्टा, मुद्रा र गदायुक्त कमलभैरवको म स्तुति गर्छु ॥१॥ जसको शरीरमा रक्तचन्दन र भस्म लिपिएको छ, जटाजुटको मुकुटधारी र ज्वालामालाले विभूषित छन्, सिंहासनमा विराजमान, करुणामय र दयाका सागर, कलङ्की देवीको

आज्ञापालन गर्ने भक्तवत्सल भैरव ॥२॥ कपालमालाले विभूषित, वीर र रक्त नेत्र भएका, भूत, प्रेत, पिशाच आदिले सेवा गर्ने महेश्वर, योगीहरूको ध्यानमा जान सकिने सनातन सत्यस्वरूप, श्रीकलङ्कीका सेवक भैरवलाई म सदा प्रणाम गर्छु ॥३॥ वज्र र अंकुश धारण गर्ने, कालाग्निजस्तो तेजस्वी, दायाँ हातमा त्रिशूल बोकेर काललाई शासित गर्ने, नृत्य र गीतमा रमाउने, देवताहरूले पूजिने, प्रसन्न मुख भएका देवता भैरवलाई म स्मरण गर्छु ॥४॥ मुण्डमालाधारी, दिगम्बर, करुणामय परमेश्वर, शृङ्गी र भेरीको डरलाग्दो घोष गर्ने, त्रिकालदर्शी, महातेजस्वी, गोप्यज्ञानका दाता, कलङ्की महामायासँग युक्त भैरवलाई सदा स्मरण गर्छु ॥५॥ कपाल र कुण्डल धारण गर्ने, रातो वर्ण र महान बलयुक्त, त्रिनेत्रधारी, सूर्यसमान, विश्वरूप र वस्त्ररहित, शिवको अवतार, तत्त्वरूप र तपस्वी, सर्वरोग नाश गर्ने भैरव स्मरण गर्नेका लागि परमगति हुन् ॥६॥ काल र मृत्युको भय हटाउने, शक्तिहरूद्वारा घेरिएका, कलङ्कीको आज्ञा पालना गर्ने तेजस्वी सेवक, तत्त्वज्ञान दिने, शान्त, निर्भय र योगीहरूको गुरु, संसारको दुःख नाश गर्न म भैरवलाई हर्षपूर्वक चिन्तन गर्छु ॥७॥ जो प्रातःकाल कमल नामका भयङ्कर भैरवको भजन गर्छ, कलङ्की देवीका सेवक, सिद्धिदाता, भक्तवत्सल देवताको स्तुति गर्छ, उहाँले सधैँ विघ्नहरू हटाई सर्वोत्तम मोक्ष प्रदान गर्नुहुन्छ, जो व्यक्तिले यो स्तोत्र भक्ति सहित नित्य पाठ गर्छ, ऊ मुक्त हुन्छ ॥८॥

कलङ्कीध्यानम्

नृकङ्कालावलिधारिणीं तां चतुर्भुजां त्रिप्रहरायुधाढ्याम् ।
डम्भोलिखड्गास्थिकपालहस्तां जटाटवीचन्द्रकलाञ्चितां च ॥१॥

नरकङ्कालको माला धारण गर्ने, चार हात भएकी, तीन प्रहरका आयुधले सुसज्जित, डमरु, तरबार, अस्थि र कपाल हातमा लिएकी, जटाको जंगलमा चन्द्रमाको कलाले सजिएकी ॥१ ॥

व्याघ्राजिनप्रावृतकट्यदेशां मत्तेक्षणां रक्तसुधारसार्द्राम् ।
भक्तानुकम्पाकलितावलोकां कलङ्किनीं तां प्रणमामि देवीम् ॥२॥

बाघको छालाले कम्मर ढाकेकी, रक्सीको मदले लट्ठ आँखा भएकी, रगत र अमृतको रसले भिजेकी, भक्तहरूप्रति दयाले भरिएको दृष्टि भएकी, तिनै कलङ्की देवीलाई म प्रणाम गर्छु ॥२॥

यस्याः प्रसादेन समस्तसिद्धिः सम्पद्यते भक्तजनस्य नित्यम् ।
तां सर्वलोकेश्वरिमाश्रयामि कलङ्की शक्तिमयीं परेशीम् ॥३॥

जसको कृपाले सबै सिद्धिहरू भक्तजनलाई सधैँ प्राप्त हुन्छन्, तिनै सर्वलोकेश्वरी शक्तिमयी परमेश्वरी कलङ्की माईको म आश्रय लिन्छु ॥३ ॥

कलङ्कीध्यानम्

अष्टादशायुधधरां त्रिदशाभिवन्द्यां
पद्माक्षसूत्रगदाचक्रधरां त्रिशूलाम् ।
वाणं कुठारमथ शङ्खमसुरशीर्षं
कपालपात्रमपि बिभ्रतीमिन्दुमौलिम् ॥

मुद्रां च बिन्दुमुकुटां अमृतस्य कुम्भं
नागेन्द्रपाशकमलं वरवज्रहस्ताम् ।
खट्वाङ्गखड्गमुसलान्युभयोः कराभ्यां
धत्ते माहेश्वरीं देवीं प्रणमामि नित्यम् ॥

षोडशाब्दवयसं प्रमदावदानां
भक्तानुकम्पितदृशं सुमुखीं सुशीलाम् ।
सर्वार्थसाधनकरीं शरणागतानां
श्रीकलङ्कीभगवतीं शरणं प्रपद्ये ॥

अठार हातमा अक्षमाला, गदा, धनुष, त्रिशूल, चक्र, वाण, वज्चरो, श, राक्षसको काटिएको टाउको, कपालपात्र, विन्दुमुद्रा, अमृतकुण्ड, नागपाश, पद्म, वज्र, खट्वाङ्ग, खड्ग र मुद्गर धारण गरेकी, प्रसन्न मुखमण्डलले भक्तलाई हेरिरहेकी, नित्य सोह्र वर्षको उमेर भएकी श्रीकलङ्की भगवती प्रसन्न रहून् ।

इन्द्रमत्या मनमत्या च मध्ये तिष्ठति या सदा ।
कल्खु अजिमासंज्ञा सा शाम्भवी कलङ्की नमः ॥
दारिद्र्यं हरते नित्यं कलङ्कं नाशयत्यपि ।
तस्यै देव्यै नमस्कारः सर्वमङ्गलकारिणी ॥

भावार्थः इन्द्रमती र मनमतीको बीचमा रहेकी, कल्खु अजिमाको नाम धारण गरेकी, दरिद्रता हर्ने, कलङ्क नाश गर्ने, शाम्भवी श्रीकलङ्कीलाई नमस्कार छ ।

श्रीकलङ्कीमहादेव्याष्टकं

अष्टमातृगणोपेतां भैरवाष्टसमन्विताम् ।
नानावेषसमायुक्तां सेव्यमानां सुरासुरैः ॥
भूतनाथपरिवारां सिद्धविद्याधरार्चिताम् ।
प्रणमामि सदा भक्त्या कलङ्कीं मातरं शिवाम् ॥१॥

शक्तित्रयस्वरूपां तां चण्डिकां चण्डविक्रमाम् ।
त्रैलोक्यपालितां देवीं दुर्गां दुष्टविनाशिनीम् ॥
सर्वदुःखनिवारिण्यां सर्वमङ्गलमङ्गलाम् ।
प्रणम्यां शरणं यामि सर्वलोकैकपावनीम् ॥२॥

सिंहवाहनसंयुक्तां खड्गचर्मधरां पराम् ।
दिगम्बरां महावेगां कालकण्ठिनिभां शुभाम् ॥
वज्रकेतनसद्घातस्मेरवक्त्रां दिगीश्वराम् ।
कलङ्कीं कमनीयाङ्गीं भावयामि मुदा सदा ॥३॥

महाकालीमहाशक्तिं मातङ्गीं योगिनीगतिम् ।
सप्तकोटिमहावीर्यैर्भूतगणैः समन्विताम् ॥
भैरवीमष्टभैरवसमाराध्यपदस्थिताम् ।
प्रणमामि महादेवीं जगन्मातरमीश्वरीम् ॥४॥

सर्वज्ञानस्वरूपां तां वेदमातृमरिन्दमाम् ।
नवरसप्रबोधितां नादबिन्दुसमाश्रिताम् ॥
हृदिस्थां योगिभिः ध्येयं ध्यानगम्यां परां शिवाम् ।
कलङ्कीं लोकजननीं चिन्तयेऽहर्निशं मुदा ॥५॥

दक्षयज्ञविनाशिन्यां दक्षकन्यां महेश्वरीम् ।
शङ्करप्रेमभारार्तां त्रिनेत्रां दिव्यविग्रहम् ॥
पञ्चवक्त्रां महालक्ष्मीं ब्रह्मविष्णुहरप्रियम् ।
सदा सन्ततमाराध्यां वन्दे भक्तिविनम्रया ॥६ ॥

अमृतांशुकलाधारां कालरात्रिं कृपानिधिम् ।
कपालिन्यां त्रिशूलाङ्कां चक्रपाणिं मनोहराम् ॥
शिवसंयुक्तहृदयं ब्रह्मविद्याप्रदायिनीम् ।
कलङ्कीं सर्वविद्येशीं नमामि प्रणिपत्यऽहम् ॥७॥

सर्वात्मिकां जगद्धात्रीं जगदाधारमूलिकाम् ।
देवानां कार्यसिद्ध्यर्थं आविर्भूतां महेश्वरीम् ॥
भूतप्रेतपिशाचाद्यैः सेव्यमानां महाबलाम् ।
कलङ्कीं कामरूपिण्यां नमो नमः पुनः पुनः ॥८॥

अष्टमातृकाहरूले परिवेष्टित, आठ भैरवहरूद्वारा समेत सेविता, विविध वेषधारी, देवादि र असुरहरूले पूजा गर्ने, भूतनाथको पारिवारिक संलग्नता भएकी, सिद्ध र विद्याधरहरूले अर्चना गर्ने शिवस्वरूपा भगवती कलङ्की मातालाई म सदा भक्तिपूर्वक प्रणाम गर्दछु ॥१॥ ती चण्डिका, चण्डविक्रमशालिनी, त्रैलोक्यपालिनी, दुष्टहरूको विनाशिनी, सम्पूर्ण दुःखहरूको निवारणकर्त्री, समस्त मङ्गलहरूको मूर्तरूपा, सबै लोकहरूलाई पवित्र पार्ने, त्रिशक्तिस्वरूपा देवीमा म प्रणाम गर्दै शरण लिन्छु ॥२॥ सिंहमा आरोहण गरेकी, खड्ग र ढाल बोकेकी, दिशाहरूलाई नै वस्त्र बनाएर आवरणरहित, तीव्रगामी, कालकण्ठजस्तो वर्णयुक्त, वज्रकेतन

गणहरूको बीचमा हास्यवदना, दिग्पालहरूको आराध्या, सुन्दराङ्गी भगवती कलङ्कीलाई म सदा आनन्दपूर्वक ध्यान गर्दछु ॥३॥ महाकालीस्वरूपा, महाशक्ति, मातङ्गी, योगिनीहरूको स्वामिनी, करोडौँ शक्तिशाली भूतगणहरूसहित, अष्टभैरवहरूद्वारा आराधना गरिने पदमा स्थित, जगतकी जननी, ईश्वरी महादेवीमा म भक्तिपूर्वक प्रणाम गर्दछु ॥४॥ सर्वज्ञानस्वरूपा, वेदकी माता, शत्रुनाशिनी, नवरसबाट प्रबोधित, नाद र बिन्दुको आश्रयस्थान, हृदयमा वास गर्ने, योगीहरूले ध्यान गर्ने, ध्यानद्वारा प्राप्त हुने पराशक्ति ती कलङ्की देवीलाई म रातदिन श्रद्धापूर्वक चिन्तन गर्दछु ॥५॥ दक्षको यज्ञ विनाश गर्ने, दक्षकी पुत्री महेश्वरी, शङ्करको प्रेमद्वारा पीडित, त्रिनेत्रधारिणी, दिव्य रूपयुक्त, पाँच मुख भएकी, महालक्ष्मीस्वरूपा, ब्रह्मा-विष्णु-शिवप्रिया, निरन्तर पूजनीय देवीलाई म भक्तिपूर्वक नमन गर्दछु ॥६॥ अमृतका किरण र कलाले विभूषिता, कालरात्रिरूपिणी, करुणाको निधान, कपालिनी, त्रिशूलचिह्नयुक्त, चक्रधारिणी, मनोहर स्वरूपवाली, सदाशिवसँग ऐक्यभावयुक्त हृदय भएकी, ब्रह्मविद्या प्रदान गर्ने भगवती कलङ्की, सम्पूर्ण विद्याकी अधिष्ठात्रीलाई म नतमस्तक भएर नमन गर्दछु ॥७॥ समस्त प्राणीजगत्की अन्तर्यामी स्वरूपा, जगत्को रचना गर्ने मूल आधार, देवादिको कार्यसिद्धिका लागि प्रकट भएकी महेश्वरी, भूत, प्रेत, पिशाच आदिले सेवा गर्ने महाबलशालिनी, इच्छाअनुसार रूप धारण गर्ने भगवती कलङ्कीलाई बारम्बार नमस्कार गर्दछु ॥८॥

कलङ्की अष्टोत्तरशतनाम स्तोत्रम्

श्रीगणेशं नमस्यामि गुरुं चापि नमाम्यहम् ।
भैरवं च सदा वन्दे कलङ्की मां सदाऽवतु ॥१॥

कलङ्की कालिका काली महाकाली त्रिलोचना ।
त्रिनेत्रा त्रिपुरा देवी त्रिशक्तिः शक्तिसत्तमा ॥२॥

चण्डिका चामुण्डचेतः चण्डमुण्डविनाशिनी ।
कौलेश्वरी महायोगिन्यम्बिका भूतभाविनी ॥३॥

कात्यायनी महामाया भगवती भयानका ।
दुर्गा दुष्टनिहन्त्री च दुष्टग्रहविनाशिनी ॥४॥

शर्वाणी शिवदूत्या च शूलिनी शुभदायिनी ।
भद्रकाली महादेवी नित्यक्लिन्ना तुरङ्गमा ॥५॥

त्रैलोक्यजननी दुर्गा त्रिगुणातीतरूपिणी ।
तारा तन्त्रसमाराध्या तारिणी तरुणाङ्गिका ॥६॥

नीलसरस्वती धीरा नित्येन्दुकलमण्डिता ।
नवयौवना सुललिता नवरस्यानवद्यगा ॥७॥

मातङ्गी मेघगम्भीरा मीननेत्रा मनस्विनी ।
बाला बटुकपूज्या च बिन्दुनादस्वरूपिणी ॥८॥

भुवनेश्वरी जगद्रक्षा भावनाश्रयविग्रहा ।
त्रिपुरेशी त्रिवर्गेशा त्रिवेणी तरलोचना ॥९॥

दाक्षायणी दक्षमाता दक्षयज्ञविनाशिनी ।
हाटकाङ्गी हाटकवर्षा हाटकायुधधारिणी ।।१०।।

नित्यानन्दा निराधारा निर्गुणा निर्भरालया ।
अनङ्गमदनाराध्या अनाथार्ता निवारिणी ।।११।।

श्रीविद्या शिवसङ्कल्पा शक्तिचक्रनिषेविता ।
कामेश्वर्यै कामकलिता कामिनी कलितोज्ज्वला ।।१२।।

षोडशी मन्त्रिणी रामा श्रीमत्ता शान्तविग्रहा ।
मोहिनी भक्तगम्या च मोहच्छेदविचक्षणा ।।१३।।

सिद्धेश्वरी सिद्धमाता सिद्धविद्या सुधाप्रदा ।
मूलप्रकृतिरूपा च मूलचक्रविभाविता ।।१४।।

चण्डघण्टारवाक्रुष्टा चञ्चला चन्द्रमण्डला ।
श्रीचक्रनगरारूढा श्रीचक्राङ्कितविग्रहा ।।१५।।

श्रीललिता लास्यमाया शिवशक्तिः शिवप्रिया ।
शिवार्चिता शिवस्वासा शिवाभिन्नस्वरूपिणी ।।१६।।

कालरात्रिः कालमाता कालशक्तिः कलाग्निना ।
कात्यायनी क्षमारूपा किङ्किणीजालमेखला ।।१७।।

भैरवी भैरवाङ्कस्था भीमवेगा भयानका ।
भीषणाक्षी भीषणास्या भीषणारातिदारिणी ।।१८।।

सौभाग्यदायिनी शुभ्रा सौम्या सौम्यवपुर्धरा ।
सर्ववाञ्छाफलप्राप्तिदायिनी सुरपूजिता ।।१९।।

चक्रिणी चक्रिणामाता चक्रराजविहारिणी ।
मुकुटोज्ज्वलकेशान्ता मुक्ताहारविभूषिता ॥२०॥

विद्यामयी वेदगम्या वेदमाता विमर्शिनी ।
वेदवेद्यस्वरूपा च वेदशास्त्रविशारदा ॥२१॥

सर्वज्ञा सर्वसौन्दर्या सर्वमङ्गलमङ्गला ।
सर्वरोगप्रशमनी सर्वशक्तिप्रदायिनी ॥२२॥

हृल्लेखा हेमरूपा च हेममाल्यविभूषिता ।
हाटकाभरणा हृष्टा हंसयुक्तविमानगा ॥२३॥

नवचन्द्रार्धवदना नवरत्नविभूषिता ।
नवदुर्गा नित्यदुर्गा निर्भया निर्भयप्रदा ॥२४॥

वज्रेश्वरी वज्रदंष्ट्रा वज्राङ्गी वज्रलोचना ।
काञ्चनाभा कनकवर्णा काञ्चनाङ्गविभूषिता ॥२५॥

शक्तिनाथविधेयाङ्गी शक्तिपीठविनायिका ।
शास्त्रसिद्धा शास्त्रगम्या शास्त्रसेवितपादुका ॥२६॥

सत्यरूपा सिद्धरूपा सावित्र्याद्यष्टमातृका ।
कङ्काली कल्पवृक्षाख्या कामधेनुस्वरूपिणी ॥२७॥

।।फलश्रुति।।

इति नामजपं देव्याः कलङ्क्याः परमेश्वरी ।
यः पठेच्छद्धया युक्तः स तस्यैव प्रियो भवेत् ॥
सर्वसिद्धिप्रदं पुण्यं सर्वरोगविनाशनम् ।
कल्याणं कुरु मे नित्यं कलङ्की परमेश्वरी ॥

श्रीकलङ्कीस्तोत्रम्

नागैश्छत्रितमूर्धजा चतुरभिः खड्गं कपालं तथा
विन्दुं चाभयमुद्रिकां च दधती हस्तैः सदा शोभना।
बालाकारधरा विचित्रगणयुक्ता सौन्दर्यसम्पूरिता
कलङ्की भगवत्यजस्रमखिलं नः पातु कल्याणदा ॥१॥

शारदचन्द्रनिभानना त्रिनयना ताटङ्कभासन्मुखी
चञ्चत्काञ्चनहारकेलिशुभगा चामीकरालङ्कृता।
सन्ध्याभारगभीरवर्णविलसत्सम्पूर्णमाधुर्यधा
सा देवि त्रिदशार्चिता सततमस्मान् पातु कलङ्किनी ॥२॥

हुङ्कारैरसुरान् विदार्य कुपितं देहं समुत्सृज्य या
रक्तं क्षिप्य निःश्वसन्त्यरिवधं कुर्याच्च निर्मूलितम्।
नीलोत्पलदलप्रभा त्रिनयनी घोरा च सौम्या पुनः
सा देवि स्मरशत्रुभङ्गविधिना नः पातु दुर्गात्तराम् ॥३॥

श्रीचक्रस्थितिराजराजनिवहैः सङ्कीर्तिता योगिनी
मुक्ताहारविभूषिता स्मितमुखी सिंहासना संस्थिता।
हस्तैः पाशसुधांशुकुन्तमुसलैः सा दर्शिता भक्तिदा
सर्वज्ञा सकलेश्वरप्रणमिता कल्याणशक्तिः परा ॥४॥

कौलेशीदृढमन्त्रगूढविभवा कालाग्निशुद्धाशया
दुष्टारिप्रशमानकारिणि सदा तापत्रयच्छेदिनी ।
प्रत्यालीढपदस्थितिः कृतदृढा रक्ताम्बरालङ्कृता
सा क्लीबेष्वपि तेजसं वितरति श्रद्धासमाश्रित्य या ॥५ ॥

कर्णान्तस्मितसुन्दरी करुणाया पूर्णा दृढा निर्भया
शङ्ख चक्रगदाभयप्रदशिवां चञ्चत्कपोलाङ्गना ।
गाम्पश्यति च वारिधिं निगदती धत्ते च लोकत्रयं
सा देवी करुणारसामृतवहा पायात् सदा माङ्गली ॥६ ॥

मालिन्यं विदधाति या हृदि चेद्वेषादि दोषं क्षणात्
शुद्धिं संप्रणयत्यहो मनसिजं मारं च दूरं व्रजेत् ।
सायं प्रातः पठन्किलाम्ब च नमोक्तिं यः करोति दृढं
सो याति स्वत एव देविपदवीं संसिद्धिमार्गेण वै ॥७ ॥

वेदान्तेषु निबद्धकीर्तिरमिता श्रीविद्यया भूषिता
योगक्षेमविधायिनी शुभकृती योगेश्वरैरर्चिता ।
नाना मन्त्रसमार्चिता विजयिनी विद्वद्गणैः स्तूयते
सा कल्याणविधायिनी शुभकृपा नः पातु कामेश्वरी ॥८ ॥

हिङ्काराभरणा सदा परशिवे सौख्यप्रदा सर्वथा
ज्ञानाग्निप्रज्वलद्भ्रुवा शमधराऽऽनन्दाभिषेकप्रदा ।
वाग्देवी गिरिशा निता शिवपरी श्रीदातृदक्षा परा
सा देवि प्रतिपत्तये मम मुहुः संविद्विभा कल्प्यताम् ॥९ ॥

दिव्याङ्गी रुचिरप्रभा दशदिशो व्याप्य स्थिता सर्वदा
खड्गं चन्द्रकपालमेखलधरा रक्ताम्बरालङ्कृता ।
भीषास्यं च दयारसार्द्रनयनं युग्मं समालोक्य या
भक्तानामघमाशु नाशयति सा देवी ममावलम्ब ॥१०॥

ताराभिर्विमलाङ्गिभिः सुरगणैः सञ्चिन्त्यपादाम्बुजा
सन्ध्यायामुपसेव्यते च सकृदा सञ्चिन्तिता चञ्चला ।
कालो याति कदाचनाप्यसुभृतां तस्या विलासं विना
सा देवी निजकिङ्करं कृपया पायात् सदा मङ्गला ॥११॥

वन्दे तां ज्वलदर्कमण्डलरुचिं दुर्गां दयालां शिवां
कालीं कालविनाशिनीं सुरगणैः सेव्यम्बिकामम्बिकाम् ।
भक्तानां हृदये निवासविभवां श्रीविद्यया भूषितां
कलङ्कीं वरदां सदा मम गृहे पायात् परां शारदाम् ॥१२॥

कलङ्क्याः करुणाम्बुधेः चरणयोर्भक्त्या सदा याचितं
स्तोत्रं यत्कृतमेष सन्दीपभक्तो दासो विधायाञ्जलिम् ।
यः पठेच्छ्रुतिभावयेत्सहृदया भक्त्या च नित्यं मुदा
तं देवी प्रियमात्मवत्कुरुतु सा श्रीकल्यणी शाश्वती ॥१३॥

नागहरूले छत्र ओडाइएकी, चार हातमा खड्ग, कपाल, बिन्दु र अभयमुद्रा, बालस्वरूप, विविध गणहरूसहित शोभायमान, भगवती कलङ्कीले सदा हाम्रो कल्याण गरून् ॥१॥ शरदचन्द्राभैँ उज्यालो मुहार, तीन नेत्र भएका, कानमा सुनौला कुण्डल, सुनका हार र

गहनाले सजिएकी, सन्ध्याकालको गाढा वर्णमा सम्पूर्ण माधुर्य समेटेकी देवीले हाम्रो रक्षा गरून् ॥२॥ 'हुङ्'कारद्वारा असुरहरूलाई च्यातेकी, रुष्ट भई शरीर त्याग गरेर रगत फाल्दै शत्रुहरूलाई निर्मूल गर्ने, नीलकमलजस्तो वर्ण, तीन नेत्र, घोर र सौम्य दुवै स्वरूपयुक्त ती देवीले हामीलाई कष्टहरूबाट बचाउन् ॥३॥ श्रीचक्रमा विराजमान, राजाहरूले प्रशंसित, योगिनीहरूले पूजित, मोतीका गहनाले सजिएकी, सिंहासनमा मुस्कानसहित विराजमान, हातमा पाश, चन्द्र, कुन्त र मुसल लिएकी भक्तिदायिनी देवी कल्याणशक्तिले हाम्रो रक्षा गरून् ॥४॥ कौलमार्गमा अडिग, गोप्य मन्त्रविभूतिसहित, कालाग्निजस्तो शुद्ध संकल्पयुक्त, दुष्टहरूको शमन गर्ने, तापत्रयको छेदन गर्ने, प्रत्यालीढस्थितिमा उभिएकी, रक्तवस्त्रले सजिएकी देवी श्रद्धायुक्तलाई तेज प्रदान गरून् ॥५॥ कर्णसम्म फैलिएको मुस्कान, करुणायुक्त, दृढ र निर्भया, हातमा शख, चक्र, गदा, अभयमुद्रा लिएकी शिवस्वरूपिणी, लोकत्रयमा दृष्टिपात गर्ने ती करुणामयी देवी सदा हामीलाई मङ्गल प्रदान गरून् ॥६॥ जो क्षणभरमै हृदयको ईर्ष्या आदिको दोष मेटेर शुद्धता ल्याउँछिन्, मानसिक शत्रु कामलाई पनि टाढा पार्दिन्छिन्, जो बिहान-बेलुकी श्रद्धाले नामस्मरण गर्छ, उसलाई देवीले स्वतः आफ्नो पदमा पुग्न सक्षम बनाउँछिन् ॥७॥ वेदान्तमा जसको कीर्ति स्थिर छ, श्रीविद्याले अलङ्कृत, योगक्षेमको रक्षणकर्त्री, शुभकर्मदायिनी, योगेश्वरहरूले पूजित, विविध मन्त्रद्वारा अर्चित, विजयी र विद्वान्हरूबाट स्तुत्य देवी कामेश्वरीले सदा हाम्रो रक्षा गरून् ॥८॥ 'हिङ्'काररूप गहना, परशिवमा अडिग, सुखदायिनी, ज्ञानाग्निमा उज्यालो भएकी, शमदायिनी, आनन्ददायिनी, वाणी,

शिवप्रिया, समृद्धिदात्री ती देवीले बारम्बार मेरो चेतनामा प्रकाश फैलाउन् ॥९॥ दशै दिशामा फैलिएको दिव्य तेजयुक्त रूप, हातमा खड्ग, चन्द्र, कपाल, मेखला, रातो वस्त्र पहिरिएकी, भयङ्कर मुख तर करुणाभावयुक्त नयनद्वय, ती देवीले भक्तहरूको पाप शीघ्रै नाश गरून् ॥१०॥ तारारूप उज्यालो अङ्गयुक्त देवी, देवगणहरूले स्मरण गरेका, सन्ध्याकालमा पूजित, एकचोटि स्मरण गर्दा पनि चञ्चल, जसको बिना कोही साधकको मृत्यु हुँदैन, ती देवीले कृपाले सदा आफ्ना सेवकको रक्षा गरून् ॥११॥ उज्यालो सूर्यमण्डलजस्तो तेजयुक्त, दयालु, शिवरूपा, कालरूपी नाशिनी, देवताहरूले सेवित, भक्तहरूको हृदयमा वास गर्ने, श्रीविद्याले विभूषित, वरदायिनी कलङ्की सदा मेरो घरमा कल्याण गरून् ॥१२॥ कलङ्की भगवतीको चरणमा भक्तिपूर्वक सदा प्रार्थना गर्दै, सन्दीप नामक भक्तले यो स्तोत्र हात जोडी रचेको हो; जो श्रद्धाले यस स्तोत्रको पाठ वा श्रवण गर्छ, तिनीलाई देवी आत्मवत् प्रिय बनाएर राखून् ॥१३॥

कलङ्की ताण्डवस्तोत्रम्

विनिर्गतोज्ज्वलप्रभाप्रलम्बमुक्तिकन्धरा,
प्रलम्बलोलभोगिनीलकुण्डलोज्ज्वलानना।
निपीतनक्तवर्णपिङ्गनेत्रनीलमर्दिनीं,
प्रनम्यते मया सदा कलङ्कताण्डवेश्वरीम् ॥१॥

गडग•गर्जितैरिवाम्बरे विलोलमालिनीं,
वितण्डवाद्यतुण्डमण्डलीविलासविभ्रमीम्।
त्रिसन्धिदग्धशत्रुशोणितेक्षणप्रसन्नतां,
भजामि भैरवाङ्गनां प्रचण्डताण्डवाङ्गनाम् ॥२॥

द्रुतप्रलम्बलम्बयद्गजाश्वरक्तपङ्कजं,
भृशं विलोलदिङ्मुखे भृगुप्रणामसुस्मिताम्।
कपालसञ्चयप्रभामहास्तुतिविवर्धिनीं,
नमामि मातरं शिवां कलङ्कमुक्तिरूपिणीम् ॥३॥

कृषाणकुण्डलीकृतप्रजाञ्जनप्रदाहिनीं,
कदम्बमूलनिर्भरां कदम्बवृन्दवेदिनीम्।
स्फुटत्क्षुराग्रदृष्टिविक्षिपत्त्रिशूलधारिणीं,
नमामि नर्तनप्रियां प्रलम्बपिङ्गलोचनीम् ॥४॥

निषण्णदिङ्महीतले मुनीन्द्रकम्पनायिका,
निबद्धदामचन्द्रमौलिवल्लकीविलासिनीम्।

गदाधराङ्गभूतिमण्डलोत्कटालसंहतीं,
कलङ्कीनामधेयिनीं कलासमस्तसञ्चिनीम् ॥५॥

विलोलदिङ्गानर्तनप्रसारिताङ्घ्रियुग्मिनीं,
मृदङ्गनादमुग्धतां मृगाधिपीटसन्नताम्।
विचित्ररत्नभूषणद्रादग्धशत्रुदेहिनीं,
भजामि शक्तिसंहतिं भवप्रणाशिनीं सदा ॥६॥

विलग्नलास्यलोचनां विलोलगर्भमालिनीं,
विरिञ्चिविष्णुसञ्चितप्रशस्तवर्णपङ्कजाम् ।
भवाम्बुधेः कृतान्तघातिनीं महाजवातुरां,
सदा भजामि मातरं महोन्नताङ्गरूपिणीम् ॥७॥

विजृम्भमाणकुण्डलीविलासदग्निगर्भिणीं,
स्फुटज्ज्वलद्विनिर्मिता विकासचक्रवल्लरीम् ।
विरिञ्चिवन्द्यमानकान्तिभारहारिणीं शिवां,
नमामि मातरं मुदा कृपाघनां कलङ्कीनीम् ॥८॥

भृशं विकीर्णरक्तनेत्रनीरदाङ्कनिंशिकां,
भुजङ्गहारविभ्रमं चकोरपङ्कजप्रभाम्।
विहंगसद्धघूर्णनं कपालपात्रपातिनीम्,
भजामि बालभैरवीं सदा प्रचण्डनर्तिनीम् ॥९॥
शिरःकपालशोभिता प्रचण्डदंष्ट्रकङ्कटा,
विकृष्य वेदशब्दतः समुद्धृताखिलश्रुतिः।

समस्तनादबिन्दुमूलसंस्थिताम्बिकात्मिकां,
भजामि भूतराजसेवितां महेश्वरप्रियाम् ॥१०॥

विनाददुन्दुभिर्निनादघण्टमण्डलप्रभा,
विसर्जदिङ्महातटी प्रसारितार्तिसङ्घिनी ।
विपञ्चिगीतमुग्धतां विलासनादवर्तिनीं,
सदा भजामि मातरं भयानकप्रदर्शिनीम् ॥११॥

कदम्बहारमण्डिता कपालरत्नभूषिता,
महालसत्तकमालिनीं महासुरान्तदर्शिनीम् ।
कृषिप्रदोषशङ्खदुन्दुभिर्निनादनर्तनां,
प्रनम्यते मया सदा कलङ्कीमातृमण्डलीम् ॥१२॥

प्रलम्बकेशसंहती प्रबुद्धमण्डलाचला,
प्रचण्डशक्तिमार्गिणी प्रबोधवारिवेगिनी ॥
प्रपञ्चमायसंहृतिं प्रदर्शयन्त्यनुग्रहात्,
सदा नमामि मातरं भुजङ्गहारकङ्कटीम् ॥१३॥

गणेशवामनर्तिता समस्तमातृमण्डली,
विषण्णभूतसङ्घनृत्यताण्डवोन्मदा परा॥
सुपिङ्गलाङ्गसंघटिप्रदर्शितोत्तरीयका,
विकम्पिता भवान्यहं प्रसन्नमूर्तिरेव सा ॥१४॥

कलङ्कुहास्यहासिता कलङ्कशोणितार्द्रिता,
कठोरमङ्गहिङ्कृतिर्महाप्रचण्डताण्डवी ।
विपञ्चिवीणनादिनी सुरासुरार्तिहारिणी,
विभातु मे हृदि सदा कलङ्कीमातृमूर्तयः ॥१५॥

कलाकलापराश्रिता कपालहारमण्डिता,
नितम्बकाञ्चिकिङ्किणी निनादमुग्धगामिनी ।
वितुण्डवैरमूलिनीं विकीर्णदृग्विलासिनीं,
सदा नमामि मातरं कलङ्कीताण्डवेश्वरीम् ॥१६॥

निबद्धविन्दुबिन्दुकं निरुद्धनादमण्डलं,
निपीतकालपङ्कजं निगूढतत्त्वमस्तकम्।
कलाकलापसंश्रितां सुसंस्थिताम्बिकात्मिकां,
नमामि मातरं सदा समाधिसिद्धदायिनीम् ॥१७॥

इदं स्तवं कलङ्कीके तनोतु सिद्धिमुत्तमां,
पठेद्यदीह भक्तिमान् स योगिनीप्रसादभाक् ।
समस्तनादवर्त्मना व्रजेदशेषमङ्गलं,
वदत्यहं सन्दीपनाम्नि भक्तियोगमग्रतः॥ १८॥

उज्ज्वल प्रभाले चम्किएकी, मुक्ताले भरिएको कण्ठ भएकी, निलो कुण्डलले सुशोभित, रात्रिजस्तै वर्ण भएकी, पिङ्गल नेत्रले नीलरूप दैत्यहरू मर्दन गर्ने देवी– सधैँ प्रणाम गर्छु म तिमीलाई,

कलङ्कीताण्डवेश्वरीलाई ॥१॥ आकाशमा गडगडाहटजस्तै गर्जन गर्ने, विलोल माला झुलाउने, वितुण्ड नामक वाद्ययन्त्र बजाउने, रमाउने भयानक शक्ति भएकी, त्रिसन्धिकालमा शत्रुहरूको रगतले रञ्जित नेत्रसहित प्रफुल्ल – भैरवकी प्रचण्ड नर्तकीलाई म भज्छु सदा॥ २॥ तीव्र वेगले हात्ती र घोडाहरू कुल्चेर अघि बढ्ने, चारैतिर विक्षिप्त दिशामा मुस्कानसहित भृगुको वन्दन स्वीकारी, कपालहरूको सङ्ग्रहबाट तेज फैलाउने, स्तुतिले बढ्ने तेजस्विनी म मुक्तिदायिनी शिवामातालाई नमस्कार गर्छु॥ ३॥ भीषण ज्वालाजस्तै दृष्टिले प्राणीजगत जलाउने, कदम्बवनमै रमाउने, त्यस वनकी अधिष्ठात्री तीव्र चक्रदृष्टिसहित त्रिशूल धारण गर्ने – नृत्यमा अनुरक्त, पिङ्गल नेत्रवाली मातालाई नमस्कार छ ॥४॥ चारैतिर भूमि छोएको आसनमा मुनिहरू कपाउँने, चन्द्रमा बाँधिएको जस्तै मस्तकमा वल्लकी (वीणा) सम्हाल्ने, गदाधारीहरूसँग शरीरमा विभूति लागाएर तेजस्वी – कलङ्कीनामकी स्वामिनी, सम्पूर्ण कलाको सङ्ग्रहमूर्ति ॥५॥ चारैतिर नाच्दा खुट्टाहरू फैलाउने, मृदङ्गनादमा मोहित, मृगाधिप (सिंह) को आसनमा झुकेको रूप, वैचित्र्यरत्नले भूषित, जलाइएको शत्रुहरूको शरीरवाली, शक्तिसङ्गठन स्वरूप भव (संसार) नाशिनी मातालाई सदा भज्दछु म ॥६॥ नर्तनरत नेत्रज्योति, विलोल गर्भमाला झुलाउने, ब्रह्मा र विष्णुले प्रशंसा गरेका वर्णमालाको कमलरूपा, संसारसागरको अन्त्य गर्ने, तीव्रगामी महाशक्ति उन्नताङ्गयुक्त मातालाई सदा भज्दछु म ॥७॥ विस्तारिएको कुण्डलीजस्तै अग्निगर्भिणी, दीप्तिमान् चक्रविकास गर्ने ज्योति, ब्रह्मादिले पूजा गर्ने, तेज बोकी हिँड्ने

शिवा, म करुणामयी कलङ्कीनी मातालाई खुशीपूर्वक नमस्कार गर्छु ॥८॥ रक्तजस्तो नेत्र फैलाएर कालो रातमा देखिने, सर्पमालाको नृत्यमा रमाउने, चकोर र कमलभैं प्रभायुक्त, पक्षीहरूको झुण्ड घुमाउने, कपालपात्र वहाउने –बालभैरवी, प्रचण्ड नर्तकीलाई भज्दछु म सदा॥ ९॥ मस्तकमा कपाल धारण गरेकी, तीव्र दंष्ट्रा सहित कङ्कटी, वेदशब्दबाट सम्पूर्ण श्रुतिहरू तानेर उद्धार गरेकी, नादबिन्दु र मूलशक्तिमा अवस्थित, भूतराजहरूले सेवा गर्ने, महेश्वरकी प्रिय अर्चिता देवीलाई भज्दछु म ॥१०॥ डम्फू र घण्टाको नादमा झल्किने, चारैतिर फैलिएको दुःख हटाउने, वीणाको गीतमा मोहित, सौन्दर्ययुक्त नादमा नाच्ने भयानक तर दर्शनीय मातालाई सदा भज्दछु मा॥ ११॥ कदम्बमालाले सजिएकी, कपालरत्नले अलङ्कृत, महाशक्तिमालामा लिप्त, दैत्यहरूको अन्त्य देखाउने, शङ्ख र डम्फू निनादमा नाच्ने, कलङ्कीमातृमण्डलीलाई सदा नमस्कार गर्दछु मा॥ १२॥ प्रलम्ब केशहरूले छोपिएकी, प्रबुद्ध प्रकाशमयी, तीव्रशक्तिमार्गमा चल्ने, ज्ञानको प्रवाहमा तीव्रगामी, संसारमाया नष्ट गर्ने, कृपादृष्टिले देखाउने, सर्पहारसहितकी मातालाई सदा नमस्कार गर्दछु मा॥ १३॥ गणेशको बायाँमा नाच्ने, सम्पूर्ण मातृमण्डली सहित दुःखी भूतगणसँग ताण्डवमा मस्त, पराशक्ति : पिङ्गल वर्णका शरीरगठित, उत्तरीय प्रकट गर्ने, कम्पित भएकी भवानी नै हुन् ती प्रसन्नरूपिणी॥ १४॥ कलङ्कुको हास्यबाट हाँस्ने, शत्रु रगतले रञ्जित, कठोर अङ्ग ध्वनिमा हिङ्कार गर्ने, प्रचण्ड ताण्डववाली, वीणाको धुनमा नाच्ने, देवासुरहरूको दुःख हटाउने, कलङ्कीमाताको मूर्ति सदा मेरो हृदयमा प्रकाशित होस् ॥ १५॥ कलारूपिणी,

कपालमालाले भूषिता, कमरमा काञ्ची र झण्झन आवाजमा मग्न गति, शत्रुहरूको मूल नाश गर्ने, चञ्चल दृष्टिसहित रमाउने कलङ्कीताण्डवेश्वरी मातालाई सदा नमस्कार गर्दछु म॥ १६॥ विन्दु-विन्दुको गूढ सङ्गतिमा बाँधिएकी, नाद (ध्वनि) को सबै तरंगलाई रोकिएकी, कालको कमललाई पिएर लय भएकी, गूढ तत्त्वहरूको सिर्जना रूपी, कलाका सबै तहहरूमा आश्रय लिएकी, पूर्ण रूपमा स्थापित अम्बिकाको स्वरूप, म मातालाई सधैं नमस्कार गर्छु – जो समाधिको सिद्धि दिनुहुन्छ। यो स्तोत्रले कलङ्की माताको कृपाबाट सर्वश्रेष्ठ सिद्धि प्रदान गरून्। यदि कुनै भक्तियुक्त व्यक्ति यसलाई यहाँ (जीवनमा) पढ्दछ भने, त्यो योगिनीहरूको प्रसादको अधिकारी बन्छ। नाद (ध्वनि) को मार्गबाट उसले सम्पूर्ण कल्याण प्राप्त गर्छाम "सन्दीप" नामको भक्त दासले यस भक्ति-योगलाई अगाडि राखेर भन्छु।

श्रीकलङ्की नमस्कार

अष्टमातृभिरष्टभैरवैश्च गणैश्च नानाविधवेष्टितायै ।
कलङ्कीदेव्यै नमो नमोऽस्तु सर्वात्मिकायै जगदीश्वरायै ॥

अष्टमातृका र अष्टभैरवहरू तथा अन्य गणहरूले वेष्टित (घेरिएकी) श्रीकलङ्की देवीलाई नमस्कार छ ।

हे दुर्गे कलङ्कीनि ! शक्तिहीनो नास्त्येव किञ्चित् करणीयमेव ।
त्वं कर्तृरूपा करणं च नित्यं त्वमेव मे गत्यवलम्बनं च ॥
भक्तिं तवैकां विनयेन याचे नमामि ते पादसरोजयुग्मम् ।
त्वत्कृप्या सर्वं तव पादमूले समर्पयाम्येतदखिलं प्रसीद ॥

हे दुर्गे कलङ्कीनी माता ! तपाईं बिना म शक्तिहीन छु, मैले केही पनि गर्न सक्दिनँ ।
तपाईं नै कर्ता र साधन हुनुहुन्छ, तपाईं नै मेरो एक मात्र आश्रय र सहारा हुनुहुन्छ ।
विनम्रतापूर्वक म तपाईंको भक्ति मात्र माग्छु, तपाईंको चरण कमलमा नमस्कार गर्छु ।
तपाईंको कृपाले सबै कुरा तपाईंकै चरणमा समर्पण गर्छु, कृपया प्रसन्न हुनुहोस् ।

श्रीकलङ्कीस्तोत्रम्

कलङ्कनाशिन्यै नमः कलङ्क्यै परब्रह्मरूपायै नमो नमस्ते ।
कुमारिकायै बालरूपधार्यै करुणाम्बुधेर्भक्तपालिकायै ॥१॥

दुर्गा च काली त्वमसि प्रसिद्धा कुमारिका लोकहिते रता च ।
प्रेमस्वरूपा शिवपूजिता त्वं सर्वस्वरूपा जगदम्बिकेऽसि ॥२॥

अज्ञानिनोऽस्मै ज्ञानभक्तिदात्री त्वमेव माता शरणं प्रदातुम् ।
त्वत्पादपद्मं शरणं गतोऽहं रुदन् विधत्से करुणां कदा त्वम् ॥३॥

आशीर्वदानैर्निजभक्तवर्गं सदैव पुष्णासि कृपापयोधे ।
त्वामेव देवीं शरणं प्रपन्नः प्रसीद मातः करुणां कुरु त्वम् ॥४॥

(भावार्थ : हे कलङ्क नाश गर्ने देवी ! श्रीकलङ्की माई तपाईंलाई नमस्कार छ। हे परब्रह्मस्वरूपिणी ! तपाईंलाई बारम्बार प्रणाम छ। कुमारीरूप धारण गर्ने बालिकास्वरूपा, करुणाकी सागर र भक्तहरूको पालन गर्ने आमा तपाईंलाई नमस्कार छ ॥१ ॥

तपाईं नै दुर्गा र काली भनेर प्रसिद्ध हुनुहुन्छ। तपाईं नै कुमारी हुनुहुन्छ र लोक हितमा सधैँ तत्पर रहनुहुन्छ। तपाईं प्रेमको मूर्ति हुनुहुन्छ, शिवद्वारा पूजित हुनुहुन्छ। हे जगदम्बा ! तपाईंले सबै रूपहरू धारण गर्नुहुन्छ ॥२॥

हे माता ! तपाईं अज्ञानीलाई ज्ञान र भक्ति दिने हुनुहुन्छ। शरण दिनको लागि तपाईं नै हुनुहुन्छ। म तपाईंको चरण कमलमा शरण

लिन आएको छु। रोइरहेको मलाई तपाईले कहिले करुणा गर्नुहुन्छ ?॥३॥

हे कृपाको सागर ! तपाईंले आफ्ना भक्तहरूलाई सधैँ आशीर्वाद दिएर पोषण प्रदान गर्नुहुन्छ। हे देवी ! म तपाईंकै शरणमा आएको छु। हे माता ! प्रसन्न हुनुहोस् र ममाथि सदैव करुणा राख्नुहोस् ॥४॥)

श्रीकलङ्की प्रार्थना

कपालमालाविलसद्वैजयन्तीविभूषिताम् ।
खड्गपात्रवरदाभयमुद्राधारिणीं शिवाम् ॥
केशपाशे बालचन्द्रां त्रिनेत्रां रक्तवाससम् ।
कोटिसूर्यप्रतीकाशां मदिरामत्तहासिनीम् ॥
गणेशभैरवोपेतां पञ्चप्रेतासनस्थिताम् ।
तन्त्रमार्गोपासितां तां श्रीकलङ्कीं नमाम्यहम् ॥
कमलभैरवसंरक्षां सुरेशैः सेवितां सदा ।
ख्याकक्कङ्कालमध्यस्थां देवीगणसमन्विताम् ॥
अभीष्टप्रददात्रीं तां महाभैरवीरूपिणीम् ।
कलङ्कीं शरणं यामस् पातु मां सर्वदा शिवा ॥

कपालहरूको माला र वैजयन्ती मालाले सुशोभित भएकी, हातमा खड्ग, पात्र, वरद र अभय मुद्रा धारण गरेकी, केशपाशमा बालचन्द्र धारण गरेकी, तीन नेत्र भएकी, रक्तवस्त्रले सुशोभित, करोडौँ सूर्यको तेजभन्दा बढ्ता कान्ति भएकी, मदिराले लठ्ठ परेर एकोहोरो मुस्कुराइरहेकी, गणेश र भैरवलाई दायाँबायाँ राखेर पञ्चप्रेतासनमा बसेकी, तन्त्रमार्गले उपासना गरिने श्रीकलङ्की माईको चरणमा प्रार्थना गर्दछु। कमलभैरवले नित्य सुरक्षा दिइरहेकी, महादेव-विष्णु-प्रभृति देवताहरूले हर्दम उपासना गरिएकी, ख्याक, कङ्कालललगायत देवीगणहरूको माझमा बसेकी, अभीष्ट प्रदात्री महाभैरवी श्रीकलङ्कीले मेरो रक्षा गरून् ।

यस्याः प्रसादेन समस्तसिद्धिः सम्पद्यते भक्तजनस्य नित्यम् ।
तां सर्वलोकेश्वरिमाश्रयामि श्रीकलङ्कीनीं शक्तिमयीं परेशीम् ॥

जसका कृपाले सबै भक्तजनहरूले सधैँ सम्पूर्ण सिद्धि प्राप्त गर्दछन् । त्यस्ती सर्वलोकेश्वरी, शक्तिमयी, परमेश्वरी श्रीकलङ्कीको म शरणमा पर्दछु ।

श्रीकलङ्क्यनुग्रहाकाङ्क्षी त्यजेदहङ्कृतिं पुरा ।
चित्तं देव्यङ्घ्रिपद्मेऽर्प्य समभावं समाश्रयेत् ॥
बाह्यपूजां परित्यज्य मानसीं भावयेत्सदा ।
एवं कृते न सन्देहः साक्षात्कारो भवेद्ध्रुवम् ॥

जो भक्तले श्रीकलङ्कीको अनुग्रह खोज्छ, उसले सर्वप्रथम अहङ्कार त्याग्नू, चित्तलाई देवीको पाउमा अर्पित गरेर समभावमा जानू, बर्हियागमा मन नलगाई मानसिक उपासना गर्नू । यसो गरेमा श्रीकलङ्की माईसँग साक्षात्कार हुन्छ, यसमा संशय छैन ।

हे दुर्गे कलङ्के मम किमपि न कर्तुं शक्तिरस्ति
त्वं कर्त्री कारयित्री च भवसि सदा मे गतिश्च ।
त्वद्भक्तिं याचमानो विनयपरतया त्वां नमामि
त्वत्कृपया सर्वमेतत् तव चरणयुगे चार्पयामि ॥

(हे दुर्गे कलङ्की ! मसँग केही गर्ने शक्ति छैन । तिमी नै कर्ता र कारक हौ, सधैँ मेरो गति पनि । तिम्रो भक्ति माग्दै विनयपूर्वक तिमीलाई नमस्कार गर्छु । तिम्रो कृपाले यो सबै तिम्रै चरणमा अर्पण गर्छु ।)

श्रीकलङ्कीमाईको मन्दिरभित्र रहेका अष्टमातृकाहरू

श्रीकलङ्की माईको मन्दिर आफैँमा एउटा पूर्णताको प्रतीक हो। मन्दिरभित्र हरेक देवदेवीहरूको उपस्थिति रहेको छ। त्यसमध्ये भगवती श्रीकलङ्कीको आवरणमा अष्टमातृकाहरू, अष्टभैरवहरू, गणेश, कुमार, क्षेत्रपाल, सिंहिनी, व्याघ्रिनी समेत रहेका छन्। ती मध्ये माथि उल्लेख गरिएका अष्टमातृकाहरूको स्वरूपका बारेमा तलका श्लोकमा उल्लेख गरिएको छ।

(१) ब्राह्मी ध्यानम्

ध्यायेद् ब्राह्मीं पलाशस्यां हंसारुढां चतुर्भुजाम्।
अक्षमालावराभीतिकमण्डलुकरारुणाम्॥

पलाश वृक्षमा विराजमान, हंसमा सवार, चार भुजा भएकी, माला, वरद मुद्रा, अभय मुद्रा र कमण्डलु धारण गर्ने रातो वर्णकी ब्राह्मीको ध्यान गर्नू।

(२) माहेश्वरी ध्यानम्

वृषारूढां भालचन्द्रां त्रिनेत्रां शशिसन्निभाम्।
दधतीं शूलडमरू महाहिवलयां भजे॥

वृषभमा सवार, ललाटमा चन्द्र, तीन नेत्र भएकी, चन्द्र जस्तै उज्यालो, त्रिशूल र डमरु धारण गर्ने, ठूलो सर्पको आभूषण लगाएकी माहेश्वरीको भजन गर्नू।

(३) कौमारी ध्यानम्

शक्त्यक्षस्रग्वराभीतिकरां बन्धूकसन्निभाम् ।
मयूरध्वजिनीं रक्तवस्त्रामौदुम्बरस्थिताम् ।
हरित्कञ्चुकिकां रम्यां नानालङ्कारभूषिताम् ॥

शक्ति, माला, वरद मुद्रा र अभय मुद्रा धारण गर्ने, बन्धूक फूल जस्तै रातो, मयूर ध्वज भएकी, रातो वस्त्र लगाएकी, उदुम्बर वृक्षमा विराजमान, हरियो चोली लगाएकी, सुन्दर, विभिन्न गहनाले सजिएकी कौमारीको ध्यान गर्नू ।

४) वैष्णवी ध्यानम्

शङ्खचक्रगदापद्मधरां पीताम्बरावृतां ।
दूर्वाश्यामास्यकमलां पीनोन्नतपयोधराम् ॥
तार्क्ष्यस्कन्धगतां त्र्यक्षां शिरीषोपरिसंस्थिताम् ।
स्वर्णरत्नादिसंभूषां स्मितां श्रीवैष्णवीं भजे ॥

शंख, चक्र, गदा र पद्म धारण गर्ने, पहेँलो वस्त्र लगाएकी, दूर्वाझैँ श्याम वर्णको मुखकमल भएकी, पुष्ट स्तन भएकी, गरुडमा सवार, तीन नेत्र भएकी, शिरीष वृक्षमा विराजमान, सुन र रत्नका गहनाले सजिएकी, मुस्कुराइरहेकी श्री वैष्णवीको भजन गर्नू ।

(५) वाराही ध्यानम्

ततो ध्यायेद् घनश्यामां त्रिनेत्रामुन्नतस्तनीम् ।
कोलास्यां चन्द्रभालां च दंष्ट्रोद्धृतवसुन्धराम् ॥
खड्गाङ्कुशौ दक्षिणयोर्वामयोश्चर्मपाशकौ ।
अश्वारूढां भीषणास्यां नानालङ्कारभूषिताम् ॥

घनश्याम वर्णकी, तीन नेत्र भएकी, उन्नत स्तन भएकी, सुँगुरको मुख भएकी, ललाटमा चन्द्र भएकी, दाह्राले पृथ्वीलाई उठाएकी, दाहिने हातमा खड्ग र अंकुश, बायाँ हातमा ढाल र पाश धारण गर्ने, घोडामा सवार, भयानक मुख भएकी, विभिन्न गहनाले सजिएकी वाराहीको ध्यान गर्नू।

(६) इन्द्राणी ध्यानम्

माहेन्द्री च त्रिनयनां ध्यायेद्रत्नादिभूषिताम्।
वज्रपाशवराभीतिहस्तां श्यामाम्बरावृताम्।
चतुर्दन्तगजाकल्पच्छायासंस्थां हिरण्यभाम्॥

तीन नेत्र भएकी, रत्नादि गहनाले सजिएकी, वज्र, पाश, वरद मुद्रा र अभय मुद्रा धारण गर्ने, कालो वस्त्र लगाएकी, चार दाँत भएको हात्तीमा विराजमान, सुनौलो कान्ति भएकी इन्द्राणीको ध्यान गर्नू।

(७) चामुण्डा ध्यानम्

नीलोत्पलदलश्यामा चतुर्बाहुसमन्विता।
खट्वाङ्ग चन्द्रहासं च विभ्रती दक्षिणे करे॥
वामे चर्म च पाशं च ऊर्ध्वतो भावतः पुनः।
दधती मुण्डमालां च व्याघ्रचर्मवराम्बरा॥
कृशाङ्की दीर्घदंष्ट्रा च अतिदीर्घाऽतिभीषणा।
लोलजिह्वा निम्नरक्तनयनाकारभीषणा।
कबन्धवाहनासीना विस्तारिश्रवणानना॥

नीलकमल जस्तै श्याम वर्णकी, चार भुजा भएकी, दाहिने हातमा खट्वांग र चन्द्रहास (तरवार), बायाँ हातमा ढाल र पाश धारण गर्ने,

माथि मुण्डमाला, बाघको छाला लगाएकी, दुब्ली, लामा दाह्रा भएकी, अति भयानक, लामो जिब्रो भएकी, गहिरा राता आँखा भएकी भयानक रूप धारण गर्ने, कबन्ध (धड) मा सवार, ठूला कान भएकी चामुण्डाको ध्यान गर्नू।

(८) महालक्ष्मी ध्यानम्

सुवर्णवर्णदीप्ताङ्गी त्रिनेत्रा सिंहवाहिनी ।
ईषत्प्रहसिता देवी नीलोत्पलदलेक्षणा ॥
भुजषोडशसम्पन्ना सर्वालङ्कारभूषिता ।
खड्गं घण्टा शरं सूत्रमङ्कुशं शूलपद्मकम् ।
दधाना दक्षिणैर्हस्तैरनाथेभ्यो वरप्रदा ।
तथा वामैर्हस्तपद्मैः फेटकं डिण्डिमं धनुः ॥
कमण्डलुं नागपाशं कपालं पुस्तकाभयम् ।
जाज्वल्यमाना तेजोभिरतीवाह्लादकारिणी ॥

सुनौलो वर्णको तेजस्वी शरीर भएकी, तीन नेत्र भएकी, सिंहवाहिनी, मन्द मुस्कान भएकी, नीलकमल जस्ता आँखा भएकी, सोह्र भुजा भएकी, सम्पूर्ण आभूषणले सजिएकी, दाहिने हातहरूमा खड्ग, घण्टा, वाण, सूत्र, अंकुश, शूल र पद्म धारण गर्ने, दीन दुःखीलाई वरदान दिने, बायाँ हातहरूमा ढाल, डमरु, धनुष, कमण्डलु, नागपाश, कपाल, पुस्तक र अभय मुद्रा धारण गर्ने, तेजले प्रज्वलित, अत्यन्त आनन्द दिने महालक्ष्मीको ध्यान गर्नू।

श्रीकलङ्कीमाईको मन्दिरभित्र रहेका अष्टभैरवहरू

असिताङ्गोरुरुश्चण्डः क्रोधश्चोन्मत्तभैरवः ।
कपालीभीषणश्चैव संहारश्चाष्टभैरवम् ॥

असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त, कपाली, भीषण र संहार गरी अष्टभैरव हुन् ।

१) **असिताङ्गभैरव ध्यानम्**

रक्तज्वालजटाधरं शशियुतं रक्ताङ्ग तेजोमयं
हस्ते शूलकपालपाशडमरुं लोकस्य रक्षाकरम् ।
निर्वाणं शुनवाहनन्त्रिनयनमानन्दकोलाहलं
वन्दे भूतपिशाचनाथ वटुकं क्षेत्रस्य पालं शिवम् ॥

रातो ज्वाला जस्तो जटा धारण गरेका, चन्द्रयुक्त, रातो शरीर भएका तेजस्वी, हातमा त्रिशूल, कपाल, पाश र डमरु लिएका, लोकको रक्षा गर्ने, मोक्षदाता, कुकुर वाहन भएका, तीन आँखा भएका, आनन्दको कोलाहल स्वरूप, भूत-पिशाचका नाथ, वटुक, क्षेत्रका पालक शिवलाई म वन्दना गर्छु ।

२) **रूरुभैरव ध्यानम्**

निर्वाणं निर्विकल्पं निरूपजमलं निर्विकारं क्षकारं
हुङ्कारं वज्रदंष्ट्रं हुतवहनयनं रौद्रमुन्मत्तभावम् ।
भट्कारं भक्तनागं भृकुटितमुखं भैरवं शूलपाणिं
वन्दे खड्गं कपालं डमरुकसहितं क्षेत्रपालन्नमामि ॥

निर्वाण स्वरूप, विकल्परहित, उपजरहित, निर्मल, विकाररहित, क्षकार स्वरूप, हुँकार गर्ने, वज्र जस्ता दाँत भएका, अग्नि जस्ता नेत्र भएका, रौद्र र उन्मत्त स्वभाव भएका, भट्कार गर्ने, भक्तजनको नायक, भृकुटी चढाएको मुख भएका, त्रिशूलधारी भैरव, खड्ग, कपाल र डमरु धारण गर्ने क्षेत्रपाललाई म नमन गर्छु।

३) चण्डभैरव ध्यानम्

बिभ्राणं शुभ्रवर्णं द्विगुणदशभुजं पञ्चवक्त्रन्त्रिनेत्रं
दानञ्छत्रेन्दुहस्तं रजतहिममृतं शन्नभेषस्यचापम्।
शूलं खड्गञ्च बाणं डमरुकसिकतावञ्चिमालोक्य मालां
सर्वाभीतिञ्च दोर्भी भुजतगिरियुतं भैरवं सर्वसिद्धिम्॥

सेतो वर्णका, बीस भुजा भएका, पाँच मुख र तीन नेत्र भएका, छाता, चन्द्रमा, चाँदी, हिउँ, अमृत, धनुष धारण गरेका, त्रिशूल, खड्ग, वाण, डमरु, बालुवा, माला र सबै भयहरूलाई नाश गर्ने, पर्वत जस्तो विशाल भैरवलाई म सर्वसिद्धिका लागि स्मरण गर्छु।

४) क्रोधभैरव ध्यानम्

उद्यद्भास्कररूपनिभन्त्रिनयनं रक्ताङ्ग रागाम्बुजं
भस्माद्यं वरदं कपालमभयं शूलन्दधानं करे।
नीलग्रीवमुदारभूषणशतं शन्तेशु मूढोज्ज्वलं
बन्धूकारुण वास अस्तमभयं देवं सदा भावयेत्॥

उदाउँदो सूर्य जस्तो रूप भएका, तीन नेत्र भएका, रातो अंग र रातो कमल जस्ता, भस्म लगाएका, वरद मुद्रामा, कपाल र अभय मुद्रा लिएका, त्रिशूल धारण गरेका, नीलकण्ठ, धेरै आभूषणले सजिएका,

शान्त र तेजस्वी, बन्धूक पुष्प जस्तो रातो वस्त्र धारण गरेका, भयरहित देवको सधैं ध्यान गर्नुपर्छ ।

५) उन्मत्तभैरव ध्यानम्

एकं खट्वाङ्गहस्तं पुनरपि भुजगं पाशमेकन्त्रिशूलं
कपालं खड्गहस्तं डमरुकसहितं वामहस्ते पिनाकम् ।
चन्द्रार्कं केतुमालां विकृतिसुकृतिनं सर्वयज्ञोपवीतं
कालं कालान्तकारं मम भयहरं क्षेत्रपालन्नमामि ॥

एउटा हातमा खट्वाङ्ग, अर्कोमा सर्प, पाश, त्रिशूल, कपाल, खड्ग, डमरु र बायाँ हातमा पिनाक धनुष लिएका, सूर्य-चन्द्र र केतुमाला धारण गरेका, विकृत र सुन्दर रूप भएका, यज्ञोपवीत धारण गरेका, काल स्वरूप, कालका पनि अन्तकर्ता, मेरो भय हर्ने क्षेत्रपाललाई म नमन गर्छु ।

६) कपालभैरव ध्यानम्

वन्दे बालं स्फटिकसदृशं कुम्भलोल्लासिवक्त्रं
दिव्याकल्पैफणिमणिमयैकिङ्किणीनूपुरञ्च ।
दिव्याकारं विशदवदनं सुप्रसन्नं द्विनेत्रं
हस्ताद्यां वा दधानान्त्रिशिवमनिभयं वक्रदण्डौ कपालम् ॥

स्फटिक जस्तो शुभ्र, कुम्भ जस्तो विशाल मुख भएका बाल स्वरूपको वन्दना गर्छु, दिव्य आभूषण, सर्पमणि र किङ्किणी नूपुरले सजिएका, दिव्य आकार, उज्यालो मुख, अति प्रसन्न, दुई नेत्र भएका, हातमा त्रिशूल र भयरहित वक्रदण्ड र कपाल धारण गरेका ।

७) भीषणभैरव ध्यानम्

त्रिनेत्रं रक्तवर्णञ्च सर्वाभरणभूषितम् ।
कपालं शूलहस्तञ्च वरदाभयपाणिनम् ॥
सव्ये शूलधरं भीमं खट्वाङ्गं वामकेशवम् ।
रक्तवस्त्रपरिधानं रक्तमाल्यानुलेपनम् ।
नीलग्रीवञ्च सौम्यञ्च सर्वाभरणभूषितम् ॥
नीलमेख समाख्यातं कूर्चकेशन्त्रिनेत्रकम् ।
नागभूषञ्च रौद्रञ्च शिरोमालाविभूषितम् ॥
नूपुरस्वनपादञ्च सर्पयज्ञोपवीतिनम् ।
किङ्किणीमालिका भूष्यं भीमरूपं भयावहम् ॥

तीन नेत्र भएका, रातो वर्णका, सबै आभूषणले सजिएका, कपाल र त्रिशूल हातमा लिएका, वरद र अभय मुद्रामा रहेका, दाहिने त्रिशूल र बायाँ खट्वाङ्ग धारण गरेका भीषण स्वरूप, रातो वस्त्र, रातो माला र लेप लगाएका, नीलकण्ठ, सौम्य मुख, सबै आभूषणले सजिएका, नीलो मेघ जस्ता, कुर्च जस्तो केश र तीन नेत्र भएका, नागको आभूषण, रौद्र रूप, शिरमा मालाले विभूषित, नूपुरको आवाज गर्ने पाउ भएका, सर्पको यज्ञोपवीत धारण गरेका, किङ्किणी मालाले सजिएका, भयानक रूप र भय उत्पन्न गर्ने भैरवलाई म नमस्कार गर्दछु ।

८) संहारभैरव ध्यानम्

एकवक्त्रन्त्रिनेत्रञ्च हस्तयो द्वादशन्तथा ।
डमरुञ्चाङ्कुशं बाणं खड्गं शूलं भयान्वितम् ॥
धनुर्बाण कपालञ्च गदाग्निं वरदन्तथा ।

वामसव्ये तु पार्श्वेन आयुधानां विधन्तथा ॥
नीलमेखस्वरूपन्तु नीलवस्त्रोत्तरीयकम् ।
कस्तूर्यादि निलेपञ्च श्वेतगन्धाक्षतन्तथा ॥
श्वेतार्क पुष्पमालाञ्च त्रिकोट्यङ्गणसेविताम् ।
सर्वालङ्कार संयुक्तां संहारञ्च प्रकीर्तितम् ॥

एक मुख र तीन नेत्र भएका, बाह्र हात भएका, डमरु, अंकुश, वाण, खड्ग, त्रिशूल र भय धारण गरेका, धनुष, वाण, कपाल, गदा, अग्नि र वरद मुद्रा धारण गरेका, बायाँ र दायाँ दुवै तिर आयुधहरू धारण गरेका, नीलमेघ जस्तो स्वरूप, नीलो वस्त्र र उत्तरीय धारण गरेका, कस्तूरी आदिको लेप लगाएका, सेतो चन्दन र अक्षता धारण गरेका, सेतो आँक फूलको माला लगाएका, तीन करोड देवताले सेवा गरेका, सबै अलंकारले युक्त संहारभैरव भनेर प्रख्यात छन् ।

श्रीकल्खु गणेश

विघ्नेशं विश्ववन्द्यं सुविपुलयशसं लोकरक्षाप्रदक्षं
साक्षात्सर्वापदासु प्रशमनसुमतिं पार्वतीप्राणसूनुम् ।
प्रायः सर्वासुरेन्द्रैः ससुरमुनिगणैः साधकैः पूज्यमानं
कारुण्येनान्तरायामितभयशमनं विघ्नराजं नमामि ॥

विश्वभरि वन्दनीय, विशाल यश भएका, लोकको रक्षा गर्न सक्षम विघ्नेश्वरलाई, सबै आपत्तिहरूमा साक्षात् शान्ति र सद्बुद्धि दिने पार्वतीका प्राणप्रिय पुत्रलाई, सधैं सबै देवता, असुर, राजाहरू र मुनिगणहरू तथा साधकहरूद्वारा पूजिएका,करुणाले सबै बाधा र भयहरूलाई हटाउने विघ्नराजलाई म प्रणाम गर्दछु ।

श्रीकलङ्कीसमीपस्थं गणेशं प्रणमाम्यहम् ।
भक्तानुग्रहकर्तारं सर्वसिद्धिप्रदायकम् ॥
अङ्कुशं शक्तिहस्तं च वरदं कपालकम् ।
बिभ्राणं तेजसा दिव्यं देवं श्रीभालचन्द्रकम् ॥

श्रीकलङ्की माईको नजिक बस्ने श्रीगणेशलाई म प्रणाम गर्दछु, जो भक्तजनहरूलाई अनुग्रह गर्छन् र सबै सिद्धि प्रदान गर्दछन् । उहाँको हातमा अंकुश, शक्ति, वरद मुद्रा र कपालपात्र छ । जसले दिव्य तेजको शोभा पाएका छन्, उनी भालचन्द्रका नामले पनि प्रसिद्ध छन् ।

क्षेत्रपाल

श्रीकलङ्किन्याः सदा रक्षकाय क्षेत्रेश्वराय प्रभवे महान्तम् ।
भक्त्या नमामीश्वरपादपद्मं सर्वार्थदायै शरणं प्रपद्ये ॥

श्रीकलङ्कीमाईका सदैव रक्षक बनेका श्रीक्षेत्रपाल प्रभावशाली महान् हुनुहुन्छ। सबै इच्छा पूरा गर्ने ती क्षेत्रपाल ईश्वरको चरणकमलमा भक्तिपूर्वक नमस्कार गर्दछु।

सिंह-सिंहिनी

श्रीकलङ्किन्या मन्दिरद्वारयुग्मे नित्यं स्थितौ यौ द्वारपालत्वमाप्तौ ।
सिंहं च सिंहीं च समर्चयामि भक्त्या नमामि प्रणमामि नित्यम् ॥

श्रीकलङ्कीको मन्दिरको सेवामा हर्दम दाँयाबाँया द्वारपालका रूपमा बसेका सिंह र सिंहिनीलाई म वन्दना गर्दछु।

कुमार

द्वारस्य नित्यं परिरक्षकाय कलङ्किनीदेव्यै गणाधिनाथम् ।
यन्त्रात्मना संस्थितकुमाराय नमो नमस्ते कुमाराय तुभ्यम् ॥

द्वारको सदैव रक्षा गर्ने, भगवती कलङ्कीका गण, यन्त्राकार रूपमा प्रतिष्ठित भगवान् कुमारलाई म नमस्कार गर्दछु।

श्रीकमलभैरव

श्रीकलङ्कीमहामायारक्षकं भैरवं परं
खड्गं खट्वाङ्गकपालत्रिशूलमुद्गरान् करैः।
चक्रं नागाङ्कुपाशं च धनुषं बाणमुज्ज्वलं
घण्टामुद्रागदायुक्तं कमलं भैरवं भजे ॥

म श्रीकलङ्की महामायाको रक्षक कमल भैरवको आराधना गर्दछु, जो आफ्नो हातमा खड्ग, कपालपात्र, त्रिशुल, खटवाङ्ग, मुद्गर, ढाल, नागपाश, चक्र, धनु, वाण, गदा, घण्टा, मुद्रा र कमल धारण गर्दछन् ।

कुमारिकारूपधरां कलङ्किनीं सदैव यो रक्षति कमलेश्वरः ।
प्रसन्नतायां खलु यस्य देवी ददाति दृष्टिं भुवनैकवन्द्या ॥
करे दधानः कमलं प्रसिद्धो यो नामतः कमलभैरवाख्यः ।
कालाधिनाथः करुणापयोधिः तस्मै नमः श्रीकमलेश्वराय ॥

कमलभैरवले सदैव कुमारीस्वरूपिणी श्रीकलङ्कीलाई रक्षा गरिराख्नुभएको छ। कमलभैरव प्रसन्न हुनुभएमा मात्र श्रीकलङ्की माईले दर्शन दिनुहुन्छ। कमल हातमा धारण गर्नुभएका, कमल नामले प्रसिद्ध कालका अधीश्वर श्री भैरवलाई म वन्दना गर्दछु।

सर्वदा पातु मां शिवा

मेघैः कृष्णैर्घनैर्वृष्टिः पतत्यम्बरतो भृशम् ।
विद्युद्वज्रप्रहारैश्च क्षीयते धरणीतलम् ॥

ज्वलत्यग्निः श्मशाने च कम्पते भूमिरुद्धता ।
काकाः श्वानाश्च जम्बूकाः क्रोशन्ति परितो भ्रमन् ॥

भीषणैः शब्दसङ्घातैः श्रवणौ विह्वलीकृतौ ।
तस्मिन् काले महाघोरे नृत्यन् शम्भुर्भयङ्करः ॥

नव्यच्छिन्नं नरशिरो मालायां रक्तसंयुतम् ।
व्याघ्रचर्माम्बरं वासो जटाभारं विकीर्णकम् ॥

भैरवं रूपमास्थाय कोऽपि द्रष्टुं न शक्नुयात् ।
यं देवं नित्यमाराध्यं कालकालं महेश्वरम् ॥

सा कलङ्की महाकाली सदा नोऽनुगृहाणतु ।
संहारकारिणी देवी सर्वदा पातु मां शिवा ॥

आकाशबाट घनघोर कालो बादलबाट पानी बर्सिन लागिरहेछ, चट्याङ र बिजुलीले पृथ्वीलाई क्षतविक्षत गराइरहेको छ, जमिनमा श्मसानको पञ्चाग्नि दनदनी बलिरहेको छ, भुइँचालो आएर पृथ्वी थरथरी हल्लिरहेको छ। कागहरू, स्यालहरू र कुकुरहरू कराउँदै

फनफनी घुमिरहेका छन् । कताकताबाट आएको डरलाग्दो भीषण आवाजले कानलाई कम्पित बनाइरहेको छ। त्यस्तो विकराल अवस्थामा कालका अधिनायक भगवान् शिवले भीषण ताण्डव गरिरहेका छन्। शिवले भर्खरै काटिएको र तप्पतप्प रगत बगिरहेको नरशिरको माला लगाएका छन्, बाघको छालाले कट्टिमा मात्र बेरेका छन्, उनले केशको जटा उडाएका छन्। यस्ता भैरवरूपी महादेव यति भीषण देखिएका छन् कि तिनलाई हेर्न सक्ने वा महसुस गर्न सक्ने कोही छैनन्। त्यस्ता संहार महादेवले जसको नित्य उपासना गर्दछन्, ती कलङ्की कालीले सदैव मलाई अनुग्रह गरून्।

कलङ्की क्षमास्तुतिः

मातः कलङ्की ! मन्दोऽहमज्ञानकृतदोषवान् ।
त्वां विना यत्कृतं कर्म क्षम्यतां करुणानिधे ॥१॥

पूजां विना यथाशक्ति कुर्वे चेन्मनसाऽपि वा।
विस्मृतं वा समाहितं तत्सर्वं क्षम्यतां मम ॥२॥

मन्त्रं न सम्यगुक्तं वा न्यूनं द्रव्यं प्रदत्तकम्।
न जानन्कृतवत्येषा क्षन्तव्या त्वां नमाम्यहम् ॥३॥

वाणी-काय-मनोगत्या यदि तेऽपरं कृतम्।
स्वप्ने जाग्रति वा मातः तदप्यज्ञानतो मया ॥४॥

स्तुत्यां दोषो यदि कश्चित्पदवाक्यार्थदूषितः।
श्रद्धालववशात्कृतं स क्षम्यः करुणामये ॥५॥

त्वं भक्तवत्सला देवी सर्वदोषापहारिणी।
अहं त्वां शरणं यामि क्षमस्व जननी शुभे ॥६॥

हे करुणामयी कलङ्की माता ! म मन्दबुद्धि हुँ, अज्ञानी भएर मैले धेरै दोषहरू गरेका छु । तपाईंबिना जे जस्तो कर्म गर्दैं, कृपया त्यसलाई क्षमा गर ॥१॥

म यथाशक्ति पूजा गर्छु, तर कहिलेकाहीँ पूजामा केही छुट जान्छ या मनमै मात्र पूजा गर्छु । यदि केही बिर्सें या भुलें भने पनि, कृपया ती सबै कुरा क्षमा गर ॥२॥

यदि मैले मन्त्र सही तरिकाले उच्चारण गर्न सकिनँ वा अर्पण गर्ने सामग्रीमा कमी भयो भने, त्यो मेरो अज्ञानताबाट भएको हो । कृपया त्यसलाई पनि क्षमा गर्नुहोस्, हे माताजी, म तपाईंलाई नमन गर्छु ॥३॥

मेरो वाणी, शरीर वा मनबाट, स्वप्नमा वा जाग्रामै तपाईंको अपमान जस्तो केही भयो भने पनि, त्यो अज्ञानतावशै भएको हो, हे माता ! कृपया त्यो पनि क्षमा गर्नुहोस् ॥४॥

यदि स्तुतिमा कुनै शब्द, वाक्य वा अर्थमा गल्ती भयो भने, त्यो मेरो अपूर्ण श्रद्धाका कारण भएको हो । हे करुणामयी माताजी, कृपया त्यसलाई पनि क्षमा गर्नुहोस् ॥५॥

तपाईं भक्तप्रेमी र सबै दोषहरू नष्ट गर्ने देवी हुनुहुन्छ । म तपाईंको शरणमा आएको छु, हे शुभमयी जननी ! कृपया मलाई क्षमा गर्नुहोस् ॥६॥

श्रीकलङ्की चाःपूजा गुठीका गतिविधि

मिति :२०८१/०८/३
स्थान: श्रीकलंकी मा
समय: दिउँसो